# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ८४ | काठमाडौं | आइतबार, ३१ असार २०८० | Prabhab National Daily | Sunday, July 16, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-

## गगनको नेता देउवा !

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली कांग्रेसका महामन्त्री गगन थापाले संसदीय दलको नेता परिवर्तन गर्न आफ्नो प्रयास निरन्तर रहने बताएका छन् । 'म दलको नेतामा लडेको मान्छे हुँ । हुनुपर्छ भनेरै प्रयास गरेको हो । मेरो निरन्तर कोसिस हुन्छ,' शनिबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग महामन्त्री थापाले भने ।

अहिले नेपाली कांग्रेसमा संसदीय दलका नेता हुन् सभापति शेरबहादुर देउवा । गत पुसमा भएको संसदीय दलको निर्वाचनमा देउवाले ६४ मत पाउँदा थापाले २५ मतमात्र पाएका थिए । यद्यपि देउवाको ताज खोस्न लागिपर्ने गर्जन गगनले पटक-पटक दोहोऱ्याउन थालेका छन् ।

एक हप्ताअघि असार २३ गते आफ्नो गृहनगरबाट गगनले संसदीय दलको नेता फेर्न आफू लागिपर्ने घोषणा गरेका थिए । दलको नेता फेर्न आफू थाकिनसकेको उनको भनाइ थियो । 'म त क्लियर छु हेर्नुस्, विधिभित्रै रहेर यो कुरा गरिरहेको छु । म नेपाली कांग्रेसको सांसद हुँ, यो बदल्नुपर्छ भनेर नै संसदीय दलको नेता हुने कोसिस गरेको हो । मैले सबै साथीहरूको मन चित्त त बुझाउन सकिनँ । तर म थाकेको छैन, हारेको छैन,' उनले भनेका थिए ।

सकेसम्म दलको नेता आफैं बन्ने र नसके अरुलाई बनाउन पछि नपर्ने गगनको भनाइ थियो । 'नेपाली कांग्रेसबाट भूतपूर्व भएको प्रधानमन्त्री कांग्रेसले पछि प्रधानमन्त्री बनाउन पाएको बेलामा बन्नुहुँदैन, त्यसकारणले गर्दा फेरि कांग्रेसको संसदीय दलको नेता बदल्ने कुरामा म लाग्छु । सके बदल्छु बदल्छु । त्यसलाई बदल्छु, सके आफू बन्छु, नसके अरुलाई बनाउँछु तर बदल्नुपर्छ भन्नेमा छु,' थापाले भनेका थिए, 'त्यो बदलिनुपर्छ र बदल्ने ठाउँ दिएको छ, बदल्ने ठाउँ कहाँ दिएको छ भने त्यहीं दलभित्रै छ ।'

गत निर्वाचनमा प्रधानमन्त्रीका रूपमा प्रचार गरिएका थापालाई पार्टीमा अर्का महामन्त्री विश्वप्रकाश शर्माले साथ दिएका थिए । थापाले आफू संसदीय दलको नेता बन्न नसके शर्मालाई अघि सार्ने सम्भावना रहेको नेताहरू बताउँछन् । यद्यपि संसदीय दलको नेतामा प्रतिस्पर्धा भएमा एकपटक आफैं भिड्ने दाउमा गगन देखिन्छन् ।

पार्टीको विधानले संसदीय दलको नेता परिवर्तन गर्न स्थान दिएको र पार्टीभित्र पटक-पटक प्रयोग हुनका साथै नेता परिवर्तन भएको उदाहरण रहेको उनको भनाइ छ । थापाले कोइराला दलको नेता हुँदा हालका दलका नेता देउवाले नै संख्या पुऱ्याएर नेता बनेको उल्लेख गर्दै विधान सम्झाएका हुन् ।

- असार २३ गते आफ्नो दाबी प्रधानमन्त्रीमा भएको बताउने गगनले शनिबार संसदीय दलको नेता फेर्ने दाबी पेस
- संसदीय दलको नेतामा पराजित गगनको उदाहरणीय नेता भने देउवा
- देउवा गिरिजाप्रसाद कोइरालाको पालामा संसदीय दलको नेता बनेको र रामचन्द्र पौडेल दलको नेता हुँदा देउवा प्रधानमन्त्री भएको गगनको जिकिर

### के छ विधानमा ?

संसदीय दलको नेता परिवर्तन गर्न के गर्ने ? नेपाली कांग्रेस संसदीय दलको विधान (बाँकी पृष्ठ ५ मा)

# मिटरब्याजसम्बन्धी विधेयकमा राजनीतिक खिचातानी

## पुरानै विधेयक ल्याउँदै सरकार, एमाले भन्छ– नयाँ ल्याऊ

- मिटरब्याजीसम्बन्धी विधेयक संसद्मा ल्याइने
- पुरानै विधेयक संसद्मा ल्याउने सम्भावना
- नयाँ विधेयक ल्याउनुपर्ने पक्षमा एमाले र जसपा
- विधेयक छिटो संसद्बाट पारित गर्न मिटरब्याजपीडितको दबाब

■ जेबी योञ्जन

**काठमाडौं–** दिनहुँ सडकबाट पीडितहरूले आन्दोलन चर्काउँदै दबाब दिइरहेका बेला सरकारले मिटरब्याजीसम्बन्धी विधेयक फेरि ल्याउन लागेको छ । प्रमुख विपक्षी दल नेकपा एमालेले गर्दै आएको संसद् अवरोध हटेको अवस्थाबीच आज बस्ने संसद् बैठकमा विधेयक पारितसम्बन्धी प्रस्ताव पेस हुने सम्भावित कार्यसूची छ ।

संसद् सचिवालयका अनुसार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले राष्ट्रिय सभामा उत्पत्ति भएको विधेयक पारितका लागि प्रस्ताव गर्ने सम्भावना छ ।

गत सोमबार र शुक्रबार बसेको संसद् बैठकमा भने कार्यसूचीबाटै विधेयक पारितसम्बन्धी प्रस्ताव हटाइएको थियो । यसपछि शुक्रबार एमालेसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूले विधेयक नल्याएको भन्दै सरकारको आलोचना गरेका थिए ।



मिटरब्याज तथा ठगीविरुद्ध किसान–मजदुर संघर्ष समितिको भेलामा जुटेका पीडितहरू । *तस्बिरः संघर्ष समितिको फेसबुक पेजबाट*

> सरकार आफैंले विधेयक प्रस्तुत गर्न ढिलाइ गर्ने, सदन सञ्चालन गर्न आवश्यक पहल नगर्ने, विधेयकबारे सत्ता घटकभित्रै गम्भीर विवादले गर्दा विधेयकमाथि प्रतिनिधिसभामा छलफल हुन नसकेर निस्क्रिय भएको हो ।
>
> ■ **प्रदीप ज्ञवाली**
> **उपमहासचिव, एमाले**

> जसले जसरी षड्यन्त्र रचे पनि सरकार मिटरब्याजसम्बन्धी प्रतिस्थापन विधेयक दुई/तीन दिनमै पारित गर्न प्रतिबद्ध छ । किनभने, मिटरब्याजबाट पीडित भएकाहरूलाई न्याय दिनुछ ।
>
> ■ **धनराज गुरुङ**
> **कानुनमन्त्री**

रास्वपा सभापतिसमेत रहेका सांसद रवि लामिछानेले विधेयक नल्याए संसद् चल्न नदिने चेतावनी दिइसकेका छन् । सभामुख देवराज घिमिरेले पनि विधेयक ल्याउन सरकारलाई निर्देशन दिएका छन् ।

एकातिर सभामुखको निर्देशन र अर्कातिर विपक्षी दलहरूको आलोचनाबीच आज भने कानुनमन्त्री गुरुङले विधेयकसम्बन्धी प्रस्ताव पेस गर्ने सम्भावना छ । उनले शनिबार तमु संघको बागमती प्रदेश भेलालाई सम्बोधन गर्दै विधेयक रोक्न षड्यन्त्र भइरहेको बताएका छन् । तर, जसरी पनि दुई/तीन दिनभित्रै विधेयक ल्याउने र मिटरब्याजी (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

### सरकारसँग व्यवसायीको माग

# श्रम स्वीकृति लिएका श्रमिकलाई निर्वाध जान देऊ

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूले प्रचालित कानुनबमोजिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीका लागि हिँडेका श्रमिकलाई निर्वाधरूपमा उडाउन सरकारसँग माग गरेका छन् । वैदेशिक रोजगारीका लागि सम्पूर्ण प्रक्रिया पूरा गरी विदेश जान लागेका श्रमिकलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको अध्यागमन कार्यालयले विमानस्थलबाटै फर्काएको भन्दै व्यवसायीहरूले उक्त माग गरेका हुन् ।



नेपाल वैदेशिक रोजगार व्यवसायी संघले शुक्रबार पत्रकार सम्मेलन गरी अध्यागमन कार्यालयका कर्मचारीले विगत केही दिनदेखि विनाकारण दुःख दिने काम भइरहेको जनाएको छ । अध्यागमनका कर्मचारीले कानुनविपरीत गलत सूचना प्रवाह गर्ने, अनावश्यक दुःख दिई श्रमिकलाई रोजगारीबाट वञ्चित गराउने उद्देश्यले हस्तक्षेपकारी गतिविधि बढाएको संघले उल्लेख गरेको छ । वैदेशिक रोजगारीका लागि जोर्डन हिँडेका १५ जना र कुवेत हिँडेका ११७ जनालाई अध्यागमन कार्यालयले विमानस्थलबाटै फर्काएपछि संघले पत्रकार सम्मेलन गरेको हो । यस घटनाप्रति संघले गृहमन्त्री नरायणकाजी श्रेष्ठ र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीकोसमेत ध्यानाकर्षण गराइसकेको बताएको छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकको मागपत्र, भिसा, उडान निश्चित भएको हवाई टिकट हेरी जाँचबुझ गरेर अन्तिम स्वीकृति दिने अख्तियारी वैदेशिक रोजगार विभागको भएको संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । संस्थागतरूपमा भिसा लगाई उडानका लागि गएका श्रमिकको करार सम्झौता, काम, पद, सेवा, सुविधा हेर्ने अधिकार अध्यागमन कार्यालयको क्षेत्राधिकारभित्र नपर्ने उनको भनाइ छ । भिसा र हवाई टिकटबाहेक जाँच गर्ने बहानामा अनावश्यक कागजातको परीक्षण गर्ने, दुर्व्यवहार गर्दै उडान अनुमति नदिई फर्काउँदा श्रमिकले आर्थिक तथा मानसिक तनाव खेप्नुपरेको भण्डारीले बताए । कतिपय श्रमिकको भिसा समाप्त भई रोजगारी नै गुम्ने र हवाई टिकटबापत ठूलो आर्थिक क्षति पुऱ्याउने अध्यागमन कार्यालयका कर्मचारीलाई कानुनी कारबाही गरी व्यवसायी र श्रमिकलाई परेको क्षतिपूर्ति दिलाउनसमेत भण्डारीले माग गरे ।

श्रमिकलाई फर्काइनुको कारण प्रस्ट नपारी समयमा विमानस्थल नपुग्नु र शंकास्पद कागजात रहेको भन्नु कर्मचारीको वदनियतमात्रै रहेको भण्डारीले दाबी गरे । विमानस्थलमा भएको अभद्र शैली र व्यवहार खेदजनक रहेको उनले बताए । अध्यागमनका कर्मचारीले आफ्नो गल्ती र कर्तुत ढाकछोप गर्न व्यवसायीमाथि आरोप लगाएको वैदेशिक रोजगार संघले जनाएको छ ।

संघका अध्यक्ष भण्डारीले व्यवसायीबाट कुनै गल्ती नभएको भन्दै यस घटनाको छानबिन गर्न गृह मन्त्रालयले अध्यागमनका महानिर्देशक झलकराम अधिकारी र वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दाहाललाई निर्देशन दिए पनि कुनै प्रगति नभएको बताए । श्रमिकलाई उडान अनुमति नदिएको विषयमा गृहमन्त्रीसँग भएको छलफलमा अध्यागमन कार्यालयका प्रमुख जवाफविहीन बनेको र मिडियामा विषयान्तर गरी 'ट्वीस्ट' गर्ने घातक प्रवृत्ति देखाएकोप्रति उनले आपत्ति जनाए । भण्डारीले भने, 'महिला श्रमिकको विषय उठाएर व्यवसायीसँग ब्ल्याकमेलिङ गर्ने, ढोक्सा थाप्ने र सेटिङको चाहना राख्ने नियत देखियो, तर व्यवसायीले यसलाई सफल हुन दिने छैनन् ।'

त्यस्तै संघका महसचिव मेघनाथ भुर्तेलले अध्यागमन कार्यालयमा बसेका कर्मचारीलाई भिसाको प्रकृति नै थाहा नभएको टिप्पणी गरे । अध्यागमनका हाकिमले विनाप्रमाण व्यवसायीलाई आरोपित गर्ने कार्य गरेको भन्दै उनले प्रक्रियागत श्रम स्वीकृति लिएका श्रमिकलाई रोक्नु गलत गरेको बताए । 'एउटै लटमा धेरै जना रहेको भन्ने र अध्यागमनको जवाफ पनि नमिल्दो छ,' भुर्तेलले भने, 'अध्यागमन कर्मचारीलाई वैदेशिक रोजगार र विदेशबाट आउने भिसाको प्रकृतिका बारेमा पर्याप्त ज्ञान भएको देखिएन ।'

### पुनः फकाईयो श्रमिक

विमानस्थल अध्यागमन कार्यालयले शुक्रबार राति ११ बजे रोजगारीका लागि कुवेत जान लागेका ३७ जना नेपाली श्रमिकलाई पुनः फर्काएको छ । २७ गते अध्यागमनले फर्काएका ११७ श्रमिकमध्ये नौ जना कुवेत पुगिसकेका छन् । थप ३७ जनालाई व्यवसायीले टिकट काटेर शुक्रबार कुवेत पठाउन खोजेका थिए ।

व्यवसायीले ती श्रमिकलाई पुनः पठाउन खोजेपछि उनीहरूको शंकास्पपद कागजात छानविनको प्रक्रियामा रहेको भन्दै अध्यागमनले पुनः फर्काउनुपरेको जनाएको छ । अध्यागमन कार्यालयले श्रमिकलाई फर्काउनुको कारण खुलाउँदै दिइएको पत्रमा २७ गते कागजातलगायतका विषय शंकास्पद भएको भनी प्रस्थान अनुमति नदिएकोमा निजको भिसालगायतका अन्य कागजात छानविनको प्रक्रियामा रहेकोले अध्यागमन विभागका महानिर्देशकको निर्देशानुसार प्रस्थान अनुमति नदिइएको भन्ने उल्लेख गरिएको छ ।

सबै प्रक्रिया पूरा गरेर कुवेत जान हिँडेका श्रमिकलाई विनाकारण पुनः फर्काइनु व्यवसायी र श्रमिकलाई हतोत्साही गर्ने अध्यागमन बिभागका महानिर्देशकको एकल बदनियत देखिएको संघका अध्यक्ष भण्डारीले प्रतिक्रिया दिएका छन् । उनले अध्यागमन विभागको यस्तै रवैया कायम रहे व्यवसायी बाध्य भएर आन्दोलनमा उत्रिने चेतावनी पनि दिए ।







गठेमंगलको रौनक

गठेमंगल पर्वको दिन शनिबार मध्यपुर थिमिमा गठामुगः(घण्टाकर्ण)लाई तानेर लानुअघि बालकुमारी मन्दिर परिसरमा छ्वाली बाल्दै ।

हरियो नर्कटको गठामुगः (घण्टाकर्ण)लाई तान्दै स्थानीय । लायकू, दथुटोल, मरूटोल, दथुटोलमा छुट्टाछुट्टै बनाइएको घण्टाकर्णलाई तानेर बालकुमारी शंखधरचोक हुँदै हनुमन्ते खोलामा बगाउने प्रचलन रहेको छ । *तस्बिर: रत्न श्रेष्ठ/रासस*

# संस्कृति मन्त्रालयबाट ४७ सर्जक पुरस्कृत




■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नौ विधाका ४७ स्रस्टालाई पुरस्कृत गरेको छ । मन्त्रालयले शुक्रबार 'राष्ट्रिय तथा प्रादेशिक पुरस्कार समर्पण' कार्यक्रम आयोजना गरी पुरस्कार वितरण गरेको हो । संस्कृतिमन्त्री सुदन किरातीले स्रस्टाहरूलाई पुरस्कार प्रदान गरेका थिए ।

सो अवसरमा मन्त्री किरातीले संस्कृति र प्रकृतिमा नेपाल विश्वकै उच्च स्थानमा रहेको बताए । देशको भाषा, संस्कृति, नाट्च, संगीतका क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई खोजीखोजी अभिनन्दन गर्दै जाने लक्ष्य मन्त्रालयले बनाएको उनले बताए । विविध जातजातिको बसोबास रहेको नेपाल संस्कृति, भाषा, कलाको साथै प्रकृतिले समेत सम्पन्न रहेको मन्त्री किरातीको भनाइ छ ।

मन्त्रालयका संस्कृति विभाग प्रमुख सहसचिव डा.सुरेश श्रेष्ठले मन्त्रालयले देशको सांस्कृतिक, कला र भाषाको क्षेत्रमा काम गरिरहेका ५२ जना सर्जकका लागि ११ विधामा पुरस्कार समर्पण गर्ने निर्णयसहित सार्वजनिक सूचनामार्फत आह्वान गरिएको निवेदनमाथि पुरस्कार छनोट समितिले चयन गरेको सर्जक पुरस्कारका लागि छानिएको बताए ।

उनले ५२ जना सर्जकमध्ये पाँच जना सर्जकलाई यसअघि नै पुरस्कार प्रदान गरिएकोले भानु जयन्तीको पनि अवसर पारेर बाँकी ४७ जना सर्जकलाई पुरस्कार प्रदान गरिएको जानकारी दिए । नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राईले पुरस्कार छनोट समितिमा आफू पनि संलग्न रहेर गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कारका लागि सर्जक छनोटको जिम्मेवारी निर्वाह गर्न पाएकोमा खुसी व्यक्त गरे ।

मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले अग्रजको योगदानलाई पछिल्लो पुस्तासम्म सम्मानको परम्परालाई अझ फराकिलो दृष्टिले हेर्नुपर्नेमा जोड दिए ।

सो अवसरमा इतिहास शिरोमणि बाबुराम अचार्य राष्ट्रिय पुरस्कार चित्तधर नेपालीलाई दुई लाख रूपैयाँ नगदसहित प्रदान गरिए भने राष्ट्रिय प्रतिभा पुरस्कार, भाषा, संस्कृति, ललितकला, संगीत तथा नाट्च विधाका डिआर पोखरेल, रागिनी उपाध्याय, शान्तिराम राईलाई प्रदान गरिएको छ । भाषा विधामा पुरस्कार नरेन्द्रराज पौडेललाई प्रदान गरियो । त्यसैगरी महाकवि लक्ष्मीप्रसाद देवकोटा पुरस्कार भवानी क्षेत्री, कुमार भट्टराई, पुरूषोत्तम सुवेदी, अरविन्द कुमार र किसान विकलाई प्रदान गरियो ।

भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कारबाट मैना अछामी, पत्रकार नवराज लम्साल, चक्रमान विश्वकर्मा सम्मानित भए । गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार हाङयुग सुब्बा थाम्सुहाङ, युवराज घिमिरे, आदिकवि भानुभक्त राष्ट्रिय पुरस्कारबाट पोषराज पौडेल, योगमाया राष्ट्रिय पुरस्कारबाट पवन आलोक, युगकवि सिद्धिचरण श्रेष्ठ राष्ट्रिय पुरस्कारबाट मोहन सिटौला र शताब्दी पुरूष सत्यमोहन जोशी राष्ट्रिय पुरस्कारबाट गोविन्द आचार्यलाई जनही एक लाख रूपैयाँसहित पुरस्कृत गरिएको थियो ।

त्यसैगरी प्रादेशिक पुरस्कारअन्तर्गत सातै प्रदेशबाट संस्कृति, ललितकला र संगीत नाटचलगायतका विधाबाट रविन्द्र तामाङ, कुनक्याप लामा, झुमादेवी वनेम लिम्बू, दिगप्रसाद वान्तवा,सञ्जय शाह, डा.लोकबहादुर लोप्चन, छायादत्त न्यौपाने, शोभाराम चौधरी, देवकी तिमिल्सिना, भरतकुमार साउद ५० हजार रूपैयाँसहित पुस्कृत भए । रामराज रेग्मी, टीकाराम बुढामगर, ओम रिजाल, नन्दलाल राना, टीकाराम बुढामगर, मञ्जु बराइली, रूवि कुमारी, जुलुमलाल चित्रकार, ओम खत्री, दुर्गाबहादुर भण्डारी, जयबहादुर पार्की, शेखर चापागाई, सुनिल मल्लिक, भुवनदास श्रेष्ठ, खिमबहादुर गौतम, जोगेन्द्र केसी, फूलमाया दर्जी, डम्बरबहादुर रोकायलगायतलाई ५० हजार रूपयाँसहितको प्रादेशिक पुरस्कार प्रदान गरिएको थियो ।

## स्वास्थ्यकर्मी मृत्यु प्रकरणमा चारजना पक्राउ

**काठमाडौं (प्रस)–** काठमाडौंको महाराजगञ्जस्थित मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा कार्यरत एक स्वास्थ्यकर्मीको मृत्यु प्रकरणमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसरका अनुसार शुक्रबार बिहान उक्त सेन्टरका फार्मेसी इन्चार्ज अमृत पोखरेल मृत भेटिएका थिए । उनको परिवारले किटानी जाहेरी दिएकाले सोही आधारमा आत्महत्या दुरुत्साहन कसूरमा अनुसन्धानका लागि चार जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिए ।

उनका अनुसार पक्राउ गरिएकामा प्रशासन प्रमुख मनोजकुमार बस्नेत, फार्मेसी अधिकृत जुना स्थापित, प्राविधिक सहायक विष्णु पौडेल र कृष्ण पन्त रहेका छन् । निजहरूले मानसिक तनाव दिएकाले अमृतले आत्महत्या गरेको परिवारले आरोप लगाएका छन् । अमृतले 'आफूलाई फसाउन खोजिएको' भनेर लेखेको पत्र पनि बरामद भएको प्रहरी उपरीक्षक सीताराम रिजालले बताए । उनका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Quwaiiyah Industrial Car maintenance workshop

पुर्व स्वीकृति मिति २०८०/०३/२८ LT. No. 289264 चलानी नं. ६०२०४६३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 3 | 0 | 1300 | ४५४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al-Harmal Foundation for maintenance and cleaning

पुर्व स्वीकृति मिति २०८०/०३/२९ LT. No. 289350 चलानी नं. ६०२०४६३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PACKING AND WRAPPING WORKER | 5 | 0 | 1000 | ३४९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL WATANIA STEEL FOR SECTIONS

पुर्व स्वीकृति मिति २०८०/०३/२९ LT. No. 289365 चलानी नं. ६०२०४६३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 4 | 0 | 1000 | ३४९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ६ गते (22nd July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Licence No.: 1312/074/75 National Exports Manpower Consultant Pvt. Ltd.

**National Exports Manpower Consultant Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652

E-mail : nationalexportsmc@gmail.com


## मिटरब्याजसम्बन्धी...

पृष्ठ १ बाट जारी

पीडितहरूलाई न्याय दिलाउने उनको प्रतीज्ञा छ ।

'जसले जसरी षड्यन्त्र रचे पनि सरकार मिटरब्याजीसम्बन्धी प्रतिस्थापन विधेयक दुई/तीन दिनमै पारित गर्न प्रतिबद्ध छ । किनभने मिटरब्याजबाट पीडित भएकाहरूलाई न्याय दिनुछ,' गुरुङले भने ।

हाल संसद्मा एमालेले यसअघि ल्याएको मिटरब्याजसम्बन्धी प्रतिस्थापन विधेयक अध्यादेशसँगै निर्जिव भइसकेको र नयाँ विधेयक प्रस्तुत गर्नुपर्ने तर्क अघि सार्दै आएको छ । सत्तारूढमध्येकै एउटा दल जनता समाजवादी पार्टी (जसपा)ले पनि नयाँ विधेयक ल्याउनुपर्नेमा जोड दिँदै आएको छ । यसलाई मन्त्री गुरुङले भने प्रतिस्थापन विधेयक प्रस्तुत गर्न नदिने षड्यन्त्रको रूपमा अर्थ्याएका छन् ।

तर, नयाँ विधेयक ल्याउने कि पुरानै विधेयकलाई अघि बढाउने भन्नेमा सत्तारुढ दलहरूबीच समझदारी भइसकेको छैन । सत्तारुढमध्येको जसपाबाहेकका दलहरू पुरानै विधेयकलाई अघि बढाउने पक्षमा छन् ।

निष्क्रिय भएको विधेयकमा मिटरब्याजलाई अनुचित लेनदेन भनेर परिभाषित गरेको थियो । उक्त विधेयकलाई मिटरब्याजपीडितको पक्षमा ल्याइएको भनिएको थियो । जहाँ कसैले लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने, लेनदेन गरेको वास्तविक रकमभन्दा बढीको लिखत तयार गर्ने, ब्याज रकमसमेत साँवामा जोडी लिखत तयार गर्ने, ऋणीले तिरेको रकमको भर्पाइ नदिने वा लिखत नबनाउने कार्यलाई कसूरको रूपमा प्रस्ताव गरेको छ ।

साँवाभन्दा बढी ब्याज लिने, ऋण असुलीका लागि कुनै प्रकारको धम्की दिने, शोषण गर्ने, ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने जस्ता काम गर्न, गराउन वा अनुचित लेनदेनको रकम असुलउपर गर्न ऋणीलाई हैरानी पुऱ्याएमा पनि कसूर गरेको ठहरिने प्रस्ताव विधेयकमा थियो । उक्त विधेयक भने २० असारभित्र पास गरिसक्नुपर्थ्यो । तर, प्रधानमन्त्री पुष्पकमल दाहालको विवादास्पद अभिव्यक्तिलाई लिएर त्यही दिन एमालेले संसद् अवरुद्ध गरेपछि विधेयक निष्क्रिय भयो ।

यद्यपि, प्रतिनिधिसभा नियमावलीको नियम ९९ को उपनियम (३) अनुसार भने यसअघि स्वीकृत अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक अगाडि बढाउन सकिने प्रावधान छ । त्यहाँ भनिएको छ, 'अध्यादेश प्रतिस्थापन गर्ने विधेयक संविधानको धारा ११४ बमोजिमको अवधिभित्र पारित गरी राष्ट्रपतिबाट प्रमाणीकरण भइसक्नुपर्नेछ ।'

यस आधारमा सरकारले पुरानै विधेयकलाई अघि बढाउन सक्ने सम्भावना रहेको कांग्रेसका एक जना सांसदले बताए । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि पुरानै विधेयक संसद्बाट पारित हुने बताएका छन् । उनले शनिबार चितवनमा पुगेर सो कुरा बताएका हुन् ।

मिटरब्याज पीडितहरूले आन्दोलन चर्काएपछि सरकारले कानुन बनाएर माग सम्बोधन गर्ने सहमति जनाएअनुसार २० वैशाखमा मिटरब्याजीसम्बन्धी अध्यादेश ल्याएको थियो । उक्त अध्यादेश २४ वैशाखमा प्रतिनिधिसभा र राष्ट्रिय सभामा दर्ता गरिएको थियो । ५ असारमा अध्यादेश प्रतिस्थापन गर्न विधेयक दर्ता गरेको सरकारले १० असारमा राष्ट्रियसभामा विधेयक पेस गरेको थियो ।

१५ असारमा भने दफावार छलफल गरी पारित उक्त विधेयकलाई १७ असारमा प्रतिनिधिसभामा पेस गरिएको र २० असारसम्ममा पारित गर्नुपर्ने पनि थियो । तर, प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर एमालेले संसद् अवरोध गर्दा हजारौं मिटरब्याजी पीडितहरूलाई न्याय दिलाउन ल्याएको विधेयक स्वतः खारेज भयो । अध्यादेश निष्क्रिय भयो । किनभने कुनै पनि अध्यादेश संसद्मा पेस गरेको ६० दिनभित्र प्रतिस्थान विधेयक ल्याएर संघीय संसद्को दुवै सदनले पास गरिसक्नुपर्छ ।

एकातिर संसद्बाट विधेयक स्वतः निष्क्रिय भए पनि अर्कातिर सरकारले गठन गरेको जाँचबुझ आयोगमा पीडितका २४ हजार उजुरी परेका छन् । पीडितहरू ६७ जिल्लाका छन् । आयोगले भने ७७ जिल्ला प्रशासन कार्यालयमा पीडित सहायता कक्ष राखेको थियो । आयोगले यसअघि सार्वजनिक गरेको विवरणअनुसार सर्वाधिक मधेसका आठ जिल्लामा १८ हजार र पश्चिम नवलपरासीमा १९ सय गरी नौ जिल्लामामात्र करिब २० हजार उजुरी परेको छ ।

जिल्लागत आधारमा हेर्दा सबैभन्दा बढी बारामा तीन हजार ३२२ जनाको निवेदन परेको छ । काठमाडौं र रूपन्देहीमा ५०० को हाराहारीमा उजुरी परेका छन् । तर, परेका २४ हजार उजुरीमध्ये १६ सयको संख्यामा मेलमिलाप भइसकेको आयोगले जनाएको छ ।

२० चैत २०७९ मा बसेको मन्त्रिपरिषद् बैठकले आयोग गठन गरेको थियो । अधिकारसम्पन्न भनिएको सोही आयोगले मिटरब्याज पीडितहरूबाट उजुरी लिएको हो ।

### तत्काल नयाँ विधेयक तत्काल ल्याऊ : एमाले

**काठमाडौं (प्रस)–** नेकपा एमालेले अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी कसूरलाई दण्डनीय बनाउन अविलम्ब नयाँ विधेयक ल्याउन सरकारसँग माग गरेको छ ।

ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा शनिबार बसेको सचिवालय बैठकले सरकारकै कारण 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक' प्रतिस्थापन विधेयक निस्क्रिय भइसकेको अवस्थामा अविलम्ब नयाँ विधेयक ल्याउन माग गरेको हो ।

बैठकपछि आयोजित पत्रकार सम्मेलनमा एमाले उपमहासचिव प्रदीप ज्ञवालीले सरकार आफैंले विधेयक प्रस्तुत गर्न ढिलाइ गर्ने, सदन सञ्चालन गर्न आवश्यक पहल नगर्ने, विधेयकबारे सत्ता घटकभित्रै गम्भीर विवादले गर्दा विधेयकमाथि प्रतिनिधिसभामा छलफल हुन नसकेर निस्क्रिय भएको टिप्पणी गरे ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRAND HYPER CO

पुर्व स्वीकृति मिति २०८०/०३/२९ LT No. 289305 चलानी नं.६०२०४६४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 2 | 0 | 1000 | ३४९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al Abeer Est. For Contracting

पुर्व स्वीकृति मिति २०८०/०३/२९ LT No. 289304 चलानी नं.६०२०४६४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | packaging and wrapping labor | 20 | 0 | 1100 | ३८४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Mohammed Rashid Salem Al-Azmi General Contracting Est.

पुर्व स्वीकृति मिति २०८०/०३/२९ LT No. 289303 चलानी नं.६०२०४६४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Tractor Driver | 2 | 0 | 1800 | ६२८६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ६ गते (22nd July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574

E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



**ग्रामीण सडकको दुरावस्था** | उत्तर-दक्षिण कोशी राजमार्गअन्तर्गत खाँदबारी नगरपालिका-३, भरीखुम्कास्थित ग्रामीण सडकमा गाडी फसेपछि रोकिएका मालवाहक ट्रक ।

*तस्बिरः भविन कार्की / रासस*

# 'मिटरब्याजीसम्बन्धी पुरानै विधेयक पारित हुन्छ'



**चितवन (प्रस)**– उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले संसद्मा रहेको मिटरब्याजीविरुद्धको विधेयक नै अघि बढाइने बताएका छन् । प्रेस सेन्टर नेपाल चितवनले शनिबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उनले संसद्मा रहेको विधेयकलाई नै अघि बढाउने प्रक्रियामा छलफल भइरहेको बताए ।

उपप्रधानमन्त्री श्रेष्ठले भने, 'हामीले मिटरब्याजीविरुद्धको पुरानो विधेयकलाई नै अघि बढाउन लागिरहेका छौं, छिट्टै विधेयक पारित गर्ने स्थितिमा सरकार पुग्छ ।' संसद् अवरोधका कारण विधेयक पारित हुन नसकेको उल्लेख गर्दै उनले अब संसद् सञ्चालन हुनेबित्तिकै यसलाई पारित गरिने बताए ।

'प्रतिपक्षी पनि विधेयकको पक्षमा हुनुहुन्छ । यसलाई हामी चाँडै संसद्बाट पारित गर्छौं,' उनले भने । सरकारले संसद्मा दर्ता गराएको विधेयकको विषयमा दलहरूसँग छलफल भइरहेको उपप्रधानमन्त्री श्रेष्ठले बताए । मिटरब्याजीविरुद्धको उजुरी नलिने र छानबिनका क्रममा पीडितको पक्षमा न्याय हुने काम नरोकिने उनको भनाइ छ ।

विधेयकलाई ऐनका रूपमा लैजान मिल्दैन कि भन्ने चर्चा परिचर्चा भइरहेको उल्लेख गर्दै उनले संवेदनशील मुद्दामा विधेयक चाँडो पास गर्नुपर्ने बताए । उपप्रधानमन्त्री श्रेष्ठले भने, 'संवेदनशील मुद्दामा कानुनी ग्याब लामो राख्न नमिल्ने भएकाले संसद् खुल्दा पारित हुने गरी काम अघि बढेको छ ।'

ललिता निवास प्रकरणमा प्रहरीले व्यक्ति हेरेर नभई तथ्य र प्रमाणका आधारमा अनुसन्धान हुने उनले बताए । 'कसलाई पहिला पक्राउ गर्ने, पहिला कसलाई अनुसन्धान गर्ने, अभियोजन दर्ता गर्ने भनेर व्यक्ति हेरेर किटान गर्ने र प्रक्रिया अघि बढाउने गर्दैनौं,' उनले भने ।

अनुसन्धानका लागि प्रहरी संयन्त्रलाई दबाब दिन नदिइने पनि उनले प्रस्ट पारे । उपप्रधानमन्त्री श्रेष्ठले भने, 'हामीले हस्तक्षेपमुक्त भएर अनुसन्धान गरेर अपराधीलाई दायरामा ल्याउन भनेका छौं ।'

**समाचार संक्षेप**

## भारततर्फ सडक निर्माण गर्दा नेपालमा क्षति

**खलंगा (प्रस)**– भारतले आफ्नो क्षेत्रमा सडक निर्माणका क्रममा विष्फोटक पदार्थ प्रयोग गर्दा नेपालतर्फ क्षति पुऱ्याएको छ ।

भारतको पिथौरागढ जिल्ला धारचुला तहशिलअन्तर्गतको नयाँबस्तीमा सडक निर्माणका क्रममा उछिट्टिएको ढुंगाले नेपालतर्फ महाकाली नगरपालिका-५ मसिनीबलुवाका तीन स्थानीयवासीको घर र गोठमा क्षति पुऱ्याएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक ज्ञानेन्द्रबहादुर सिंहले जानकारी दिए ।

बिहीबार र शुक्रबार लगातार सडक निर्माणका लागि विष्फोटक पदार्थ प्रयोग गर्दा ढुंगा उछिट्टिएर स्थानीय नरभान बडू, हरकसिंह ठगुन्ना र जगतसिंह ठगुन्नाको घरमा क्षति पुगेको हो । 'ब्लास्टिङ गर्दा भारतबाट ढुंगा उछिट्टिएर नेपालतर्फ खेतबारीसम्म पुगेका छन्, भारतीय पक्षले विनासूचना ब्लास्टिङ गर्ने गरेको छ, यसबाट थप क्षतिको खतरा छ,' स्थानीय नरभान बडूले भने ।

## काठेपुल जीर्ण भएपछि यातायात अवरूद्ध

**मनाङ (प्रस)**– हिमाली जिल्ला मनाङको चामे गाउँपालिका-१ तिमाङ खोलाको काठेपुल जिर्ण भएपछि यातायात अवरुद्ध छ । २०७८ असार १ गते आएको बाढीले मोटरेबल पुल भत्किएपछि बनाइएको काठेपुलको काठ कुहिएपछि यातायात अवरुद्ध भएको हो ।

प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुंगेल खनालले मोटरेबल पुल निर्माणका लागि विस्तृत योजना प्रतिवेदन तयार गरिएको जानकारी दिइन् । 'अहिलेका लागि यातायात सञ्चालन गर्न आवश्यक छ, काठकै पुल निर्माण गरी यातायात सञ्चानल गर्नुपर्छ,' उनले भनिन् । मोटरेबल पुल निर्माणको प्रक्रिया द्रूत गतिमा अघि बढाइएको उनको भनाइ छ ।

डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयका अनुसार तनहुँ, लमजुङ र मनाङ गरी तीन जिल्लामा १५ मोटरेबल पुलको ठेक्का दिने तयारी छ । मनाङमा नौवटा मोटरेबल पुल निर्माण हुने योजना कार्यालयका प्रमुख रवीन्द्र दासले जानकारी दिए । ठेकेदारले समयमै काम नगर्दा पुल निर्माणको कामले गति लिन नसकेको उनको भनाइ छ । वार्षिक रूपमा विनियोजित बजेट 'फ्रिज' हुने गरेको छ ।

## झुलाघाट नाका बिहान ६ बजे खोल्ने सहमति

**बैतडी (प्रस)**– भारतको पिथौरागढमा सम्पन्न नेपाल-भारत समन्वय बैठकमा झुलाघाट नाका बिहान ६ बजे खोल्ने सहमति भएको छ । नेपालको बैतडी र दार्चुला तथा भारतको पिथौरागढ जिल्लाका प्रमुख जिल्ला अधिकारी सम्मिलित बैठकले बैतडीसँग जोडिएको झुलाघाट नाका खोल्नेबारे उक्त सहमति भएको हो ।

यसअघि झुलाघाट नाका बिहान ७ बजेमात्रै खुल्ने गरेको थियो । बैतडीका प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीले नेपाल-भारत सीमामा रहेको झुलाघाट पुल एक घन्टाअघि खोल्ने सहमति भएको जानकारी दिए । उनले भने, 'झुलाघाट पुल अब बिहान ६ बजे खुल्ने र साँझ ७ बजे बन्द हुनेछ । यसले दुवै देशका नागरिकलाई सहज हुनेछ ।'

यसअघि बिहान ७ बजे नाका खुला दुवै देशका नागरिकलाई समस्या हुने गरेको थियो । भारतमा उपचार र किनमेलका लागि जाने नेपाली नागरिकलाई बढी समस्या हुने गरेको थियो ।

# हरियो वनबाट लाभ लिन सरकारकै नीति बाधक

■ हरिप्रसाद बास्तोला



**गण्डकी**– 'हरियो वन, नेपालको धन' भन्ने गरेको वर्षौं भइसकेको छ । तर पनि वनजंगलबाट पाउनुपर्ने लाभ प्राप्त भएको छैन । जंगलमा ठूलो संख्यामा काठ कुहिने गरे पनि सर्वसाधारण बजारमा विदेशबाट आएका काठ तथा फर्निचरसँगै आल्मुनियम, युपिभिसी एवं फलामको प्रयोग गर्न बाध्य छन् ।

विदेशी काठ एवं आल्मुनियम र युपिभिसीको प्रयोग अधिकांश उपभोक्ताका लागि रहर नभएर बाध्यता बनेको छ । वन ऐन तथा यससँग जोडिएका नियम तथा नियमावलीहरू नै 'हरियो वन नेपालको धन' भन्ने नाराको विपरीत समस्याका रूपमा आएको वनविज्ञ डा. नयाँ पौडेल शर्मा बताउँछन् । उनका अनुसार स्वदेशी काठ वनमै कुहिएर खेर जाने गरेको छ भने पछिल्लो तथ्यांकले नेपालमा चीन, भारत, मलेसियालगायतका विभिन्न मुलुकबाट वार्षिक खर्बौं रूपैयाँको काठ एवं काठजन्य सामग्री भित्रिने गरेको तथ्यांक छ ।

'मुलुकका सामुदायिक वन तथा सरकारद्वारा संरक्षित वनका साललगायतका विभिन्न काठमा प्रयोग हुने रूखहरू उपयोगका लागि उपयुक्त छन्,' उनले भने, 'परिपक्व भएका सम्पूर्ण रूखहरू निकालेर प्रयोग गर्दै एउटा रूख निकालेबापत १० वटा बिरुवा रोप्ने अभियान सञ्चालन गर्ने हो भने वन क्षेत्र घटने होइन वृद्धि नै हुन्छ ।'

सामुदायिक वनको काठ निकासीमा झण्झटिलो नीतिगत व्यवस्था, ढुवानीको कारण महँगो पर्ने हुँदा वन पैदावारमा आधारित उद्योगले काठ खरिद गर्न नसक्ने अवस्था रहेको उल्लेख गर्दै उनले भने, 'वनलाई समृद्धिसँग जोड्नका लागि सरकार, निजी क्षेत्र र सामुदायिक वन उपभोक्ताको समन्वय र सहकार्य अपरिहार्य छ । रूख काटेर जंगल सकिँदैन, योजनाबद्धरूपमा वैज्ञानिक एवं प्रविधियुक्त व्यवस्थापन गर्ने हो भने वातावरणमैत्री तथा कार्बन सञ्चितिमा वृद्धि हुनाका साथै काठलगायतका वन पैदावार निकासीबाट विदेशी मुद्रा आम्दानीको राम्रो आधार बन्न सक्छ ।'

सगरमाथा र बुद्ध जन्मभूमिसँगै पछिल्लो समयमा नेपाल विश्वसामु सामुदायिक वन धेरै भएको मुलुकको रूपमा परिचित बन्न सफल भएको शर्माले बताए । दिगो वन व्यवस्थापनको नीति अंगीकार गर्दै प्राकृतिक स्रोतलाई भरपुर उपयोग गर्नेतर्फ लाग्ने हो भने मुलुकलाई काठमा आत्मनिर्भर बनाउँदै हरित रोजगार सिर्जना गर्न सकिने उनको तर्क छ । 'वन क्षेत्र संरक्षणमुखी मात्र होइन समृद्धिको आधार बन्न सक्नुपर्दछ,' उनले भने, 'तर, विडम्बना कूल भूभागको ४५ प्रतिशतको हाराहारीमा विस्तार भएको वन क्षेत्रको प्रतिफल भने न्यून रहेको छ ।'

वन फँडानीका कारण उजाड भएको वन क्षेत्रको संरक्षण र विकासमा स्थानीय बासिन्दालाई जिम्मा दिएसँगै सामुदायिक वनको अवधारणा मुलुकका लागि कोशेढुंगा सावित भएको राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका सदस्यसचिव डा. सिन्धु ढुंगाना बताउँछन् । सन् २०१९ मा गरिएको एक अध्ययनका अनुसार नेपालको कूल वन क्षेत्रबाट वार्षिक १२ करोड क्युफिट काठ उत्पादन गर्न सकिन्छ ।

नेपालको बजारमा छ करोड क्युफिटको हाराहारीमा काठको माग रहेको छ । आवश्यकता पूरा गरेर बाँकी छ करोड क्युफिट काठ निकासी गर्ने हो भने पनि सरकारी दरका आधारमा वार्षिक अर्बौं रूपैयाँ आम्दानी गर्न सकिने वर्तमान अवस्थामा वन क्षेत्रको हैसियत रहेको सदस्यसचिव ढुंगानाको भनाइ छ ।

विभिन्न प्रतिवेदनअनुसार नेपालमा वन क्षेत्र बढेको देखिएको छ । प्रतिवेदनले कूल वन क्षेत्रमध्ये ५९ लाख ६२ हजार हेक्टर अर्थात् ४०.३६ प्रतिशत भूभाग वन र छ लाख ४८ हजार हेक्टरमा ४.३८ हेक्टर अन्य काठ तथा बुटयान क्षेत्रले ओगटेको छ । वन क्षेत्रमा काठमात्र होइन, महत्त्वपूर्ण जडीबुटी संकलन र प्रशोधन हुन नसक्दा मुलुकले वार्षिक आम्दानीको ठूलो हिस्सा गुमेकामा चिन्ता व्यक्त गर्दै डा. ढुंगाना भन्छन्, 'कानुनी प्रक्रिया मिलाएर सबैखाले वन पैदावार सहजरूपमा उपयोग गर्ने नीति तय गरी हरियो वनलाई आयआर्जन र रोजगारसँग जोड्नुको विकल्प छैन ।'

उपभोक्ताको ठूलो मिहेनत र योगदानबाट मुलुकमा वन क्षेत्रको हैसियतमा वृद्धि भएको छ । यसलाई उपयोग गर्दै हरियो वनलाई धनमा परिणत ढिलो भइसकेको सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय अध्यक्ष ठाकुर भण्डारी बताउँछन् । पाँच दशकअघि स्विडेनको स्टकहोममा सम्पन्न विश्व वातावरण सम्मेलनले नेपालको वन विनासको विषयलाई लिएर चिन्ता व्यक्त गरिएको स्मरण गर्दै उनले भने, 'वनको संरक्षणको जिम्मा सरकार र कर्मचारीबाट भन्दा सम्बन्धित स्थानीय समुदायलाई दिएमा विनास रोकिने निष्कर्षबाट नेपालमा सामुदायिक वनको प्रक्रियाको थालनी भएको भुल्न हुँदैन ।'

यतिखेर वन क्षेत्र हराभरा बनेको छ, कसरी भयो भन्ने कुरामा विगतलाई स्मरण गर्नुपर्नेमा जोड दिँदै उनले वातावरण संरक्षणका साथै भूमाफियाबाट सार्वजनिक जमिनकोसमेत संरक्षण गर्न महत्त्वपूर्ण योगदान रहेकोले उक्त योगदानको उच्च मूल्यांकन गर्ने बेला आएको बताए । हरियो वन नेपालको धन भन्ने नारालाई व्यवहारमा उतार्नका लागि तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष ठाकुरले भने, 'दृढ इच्छाशक्तिका साथ काठ तथा जडीबुटीको संरक्षणसहित संकलन तथा निकासीमा सरल नीति निर्माण गर्ने हो भने मुलुकलाई काठमा आत्मनिर्भर बनाउँदै बाँकी रहेको वन पैदावार निकासी गरेर मनग्ये आम्दानीको स्रोत बनाउन सकिन्छ ।'

विषम् परिस्थितिबाट सुरु भएको सामुदायिक वनको अवधारणाका आधारमा मुलुकमा यतिखेर २२ हजार ४१५ वन समूहका २९ लाख २७ हजार ३२९ घरधुरीले २२ लाख ७२ हजार ३५६ हेक्टरभन्दा बढी वन व्यवस्थापन गर्दै आएका छन् । अध्यक्ष भण्डारी भन्छन्, 'संरक्षण, प्रवर्द्धन र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका उपभोक्ताले अहोरात्र खटिएर सन्तानलाई जस्तै माया गरेर हुर्काएको वन मुलुकको धन बन्न नसकेकामा यतिखेर उनीहरूमा निरासा पैदा भएको छ ।' वन क्षेत्रको हैसियत वृद्धि गर्दै निरन्तर आम्दानीको स्रोत बनाउन सकिने आधार भनेको दिगो वन व्यवस्थापन भएको बताउँदै उनले थपे, 'हरियो वन नेपालको धन बन्न नसक्नु वनसम्बन्धी नीति र विनियम एवं सरोकारवालाको सोच नै बाधक हुन् ।'

वनको क्षेत्र बढ्दै जाँदा वन्यजन्तुको संख्यामासमेत वृद्धि भएको छ, नेपालको कानुनले मान्छेभन्दा जंगली जनावरलाई चिन्ने गरेको बताउँदै उनले वन्यजन्तुको उचित व्यवस्थापन हुन नसक्दा पछिल्लो समय प्रत्येक वर्ष वनमा डढेलो लगाउने प्रचलन ह्वात्तै बढ्दा वन विनास, जनावर र वातावरणमासमेत ठूलो प्रभाव गर्ने गरेको स्पष्ट पारे । 'वनमा काठमात्र होइन अन्य प्रचुर सम्भावना छन्,' अध्यक्ष भण्डारीले भने, 'सम्भाव्यता अध्ययनका आधारमा समूहमार्फत जडीबुटी, कृषि, उद्यम एवं पर्यापर्यटनको विकासविना हरियो वन धनमा परिणत हुन सक्दैन ।'

सामुदायिक वनलाई मुलुकको समृद्धिसँग जोड्नेतर्फ भन्दा पनि सरकार संरक्षण क्षेत्र विस्तारमा केन्द्रित हुँदा प्राकृतिक स्रोतको उचित व्यवस्थापन हुन नसकेको बताउँदै उनले उपभोक्ता तथा तीनै तहका सरकारको संयुक्त प्रयासबाट वन क्षेत्रलाई परिणाममुखी योजना ल्याउनुपर्ने आवश्यकता औँल्याए । सामुदायिक वन उपभोक्ता महासंघ नेपालका पूर्वअध्यक्ष एवं अन्तर्राष्ट्रिय सामुदायिक वन सञ्जालका संयोजक घनश्याम पाण्डेले आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थासँगै वन समूहको चाहनाका आधारमा कार्ययोजना बन्नुपर्दछ ।

वन क्षेत्रको वृद्धिसँगै बढेको झाडी बुट्यान क्षेत्रलाई उत्पादनमूलक बनाउन ढिलो भइसकेको छ यस क्षेत्रसँग जोडेर कृषि वन, फर्निचर उद्योग, जडीबुटी प्रशोधन, पर्यापर्यटन, कार्बन व्यापारलगायतका विभिन्न उद्योग सञ्चालन गरेर हजारौं रोजगार सिर्जना गर्न सकिने आधार रहेको उनको भनाइ छ ।

तीव्ररूपमा बढेको एपी ग्यासको प्रयोगको कारण दाउराको उपयोग कम भएको वर्तमान अवस्थामा मुलुकका सातवटै प्रदेशमा एक/एक मल कारखाना स्थापना गर्न सकिन्छ । वन क्षेत्रमा रहेका काठ र दाउरासमेतलाई सिजिनिङ गर्दै आवश्यकताअनुसारका आकारका काठ उत्पादन गर्न सक्ने हो भने सर्वसुलभ मूल्यमा काठका सामग्री तयार हुने र उपभोक्ताले युपिभिसी, आल्मुनियम र फलामलाई विस्थापित गर्न सकिने खालको प्रदेश वन ऐन निर्माण हुनुपर्नेमा यस क्षेत्रका विज्ञहरूको धारणा रहेको छ । *रासस*


**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LAUNDRY OF MOHAMMED EID BIN WAHEMID AL-DOSSARY FOR LAUNDR

पुर्व स्वीकृति मिति २०८०/०३/३० LT. No. 289214 चलानी नं. ६०२०४६३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | upload and download labor | 1 | 0 | 1200 | ४१९११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ६ गते (22st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1218/074/075

**Mansur Manpower Pvt.Ltd.**

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9869078928/9801101714/9813536694
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## पीडितलाई थप पीडा नदेऊ

मिटरब्याजीबाट पीडित बन्दै आएको समस्या अहिलेका होइन । वर्षौंदेखि तराई मधेसका किसान यो समस्याबाट पीडित बन्दै आएका छन् । यो रोग राजधानी काठमाडौंलगायत अन्य क्षेत्रमा पनि सरेको छ । यो समस्या समाधानमा भने सरकारले प्रभावकारी कदम चाल्न सकेको छैन । पछिल्लो समय मिटरब्याजीविरुद्धको आवाज भने चर्किएको छ । पीडितहरू आफैंमा सडकमा आएका छन् जसले उनीहरूको मुद्दा सुनुवाइमा बल पुगेको छ । सडकहुँदै उनीहरूको मुद्दा सदनसम्म पुगेको छ । सदनमा सांसदहरूले मिटरब्याजपीडितको पक्षमा आवाज उठाइरहेका छन् । यद्यपि सरकारले यसअघि ल्याएको मिटरब्याजी पीडितसम्बन्धी विधेयक निस्क्रिय बन्यो र पुनः सोही विधेयक अगाडि बढाउने तयारीमा सरकार लागेको छ । प्रमुख प्रतिपक्षी दल भने नयाँ विधेयक ल्याउन माग गरिरहेको छ ।

मिटरब्याज पीडितहरूले आन्दोलन चर्काएपछि सरकारले कानुन बनाएर माग सम्बोधन गर्ने सहमति जनाएअनुसार २० वैशाखमा मिटरब्याजीसम्बन्धी अध्यादेश ल्याएको थियो । उक्त अध्यादेश २४ वैशाखमा प्रतिनिधिसभा र राष्ट्रिय सभामा दर्ता गरिएको थियो । ५ असारमा अध्यादेश प्रतिस्थापन गर्न विधेयक दर्ता गरेको सरकारले १० असारमा राष्ट्रिय सभामा विधेयक पेस गरेको थियो ।

१५ असारमा भने दफावार छलफल गरी पारित उक्त विधेयकलाई १७ असारमा प्रतिनिधिसभामा पेस गरिएको र २० असारसम्ममा पारित गर्नुपर्ने पनि थियो । तर, प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर एमालेले संसद् अवरोध गर्दा हजारौं मिटरब्याजी पीडितहरूलाई न्याय दिलाउन ल्याएको विधेयक स्वतः खारेज भयो । अध्यादेश निष्क्रिय भयो । किनभने कुनै पनि अध्यादेश संसद्मा पेस गरेको ६० दिनभित्र प्रतिस्थापन विधेयक ल्याएर संघीय संसद्को दुवै सदनले पास गरिसक्नुपर्छ ।

एकातिर संसद्बाट विधेयक स्वतः निष्क्रिय भए पनि अर्कातिर सरकारले गठन गरेको जाँचबुझ आयोगमा पीडितका २४ हजार उजुरी परेका छन् । पीडितहरू ६७ जिल्लाका छन् । आयोगले भने ७७ जिल्ला प्रशासन कार्यालयमा पीडित सहायता कक्ष राखेको थियो । आयोगले यसअघि सार्वजनिक गरेको विवरणअनुसार सर्वाधिक मधेसका आठ जिल्लामा १८ हजार र पश्चिम नवलपरासीमा १९ सय गरी नौ जिल्लामामात्र करिब २० हजार उजुरी परेको छ ।

जिल्लागत आधारमा हेर्दा सबैभन्दा बढी बारामा तीन हजार ३२२ जनाको निवेदन परेको छ । काठमाडौं र रूपन्देहीमा ५०० को हाराहारीमा उजुरी परेका छन् । तर, परेका २४ हजार उजुरीमध्ये १६ सयको संख्यामा मेलमिलाप भइसकेको आयोगले जनाएको छ । २० चैत २०७९ मा बसेको मन्त्रिपरिषद् बैठकले आयोग गठन गरेको थियो । अधिकारसम्पन्न भनिएको सोही आयोगले मिटरब्याज पीडितहरूबाट उजुरी लिएको हो ।

यसरी लामो समयदेखि गिजोलिँदै आएको यो समस्या समाधानमा सरकार र प्रतिपक्ष दुवै जिम्मेवार बन्नुपर्छ । पीडितलाई न्याय चाहिएको छ, थप पीडा होइन । यसतर्फ दलहरूको ध्यान जाओस् ।

## मनन्योग्य

### चाणक्य नीत

'तर के राक्षसले यो प्रस्ताव स्वीकार्लान् । किन कि, बारम्बार असफलतापछि पनि आफ्नो पराजयको चोट उनका हृदयमा बसिरहेको छ' चन्द्रगुप्तले पीडित हुँदै भने ।

"होइन बाबू ! सामूहिक जयले व्यक्तिगत पराजय हुदैन, तर व्यक्तिगत पराजयले ठूलोभन्दा ठूलो विजयमा पनि घोचिरहन्छ । राक्षसलाई आफ्नो बनाउन मैले जीवनको सबभन्दा ठूला साधना अहिले नै पूर्ण गर्नुपर्छ ।' म राक्षसको खोजी गर्न जान्छु भन्दै राजभवनबाट निस्के र राक्षसलाई खोजी छाडे ।

एउटा शीघ्र गति गएको बग्गी चढेर बाटो हिँड्ने रथबाट चाणक्य राक्षसलाई भेट्न जंगलतिर हिँडे ।

राक्षस भ्याम्म परेको एउटा स्मृति ढुंगामा आसन जमाई ध्यानमग्न थिए । घोडाको टापको आवाज सुनी ध्यान भंग भयो । झस्केर अगाडि हेरे । देखे एउटा रथ तीब्रगतिले उनीतिर आउदैछ ।

नजिकै आएपछि त्यस रथमा चाणक्यलाई देखी आश्चर्यमा परे । चाणक्यले हात जोड्दै नीति शिरोमणि ! परमगुणी महामात्य राक्षसलाई प्रणाम । 'चाणक्य तपाईलाई फेरि पाटलीपुत्र लैजान आएको छु । किन कि हीराको शाभा उचित ठाउँमा नै हुन्छ ।'

राक्षस केही क्षोभले बाले-'अब यस्ता वचन भी मलाई किन लज्जित गर्छौ ? मेरा साथमा अब के नै छर ?'

'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ । तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्', हाँसी चाणक्यले भने । मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो । अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने ।

'तर तपाईको देश अहिले पनि जीवितै छ । पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन् । तिनीहरू तपाईलाई बोलाउँदैछन् । म आफू महामात्य बन्न सक्दिनँ । अतः चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हार्दिक अनुरोध लिई आएको छु । क्रमशः

# रोजगारीमा ठगीको विकराल रूप



▶▶ विष्णुप्रसाद खनाल

> एकातिर देशभित्र उत्पादनमूलक रोजगारी सिर्जना गरी मुलुकमा उपलब्ध युवा श्रमशक्तिको उपयोगमार्फत कृषि क्षेत्रमा विद्यमान अनुत्पादक अधिक श्रमशक्तिलाई उद्योग, व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्यजस्ता सेवा क्षेत्रमा स्थानान्तरण गर्न सकेमा अर्थतन्त्रको संरचनात्मक अवस्था परिवर्तनमा योगदान हुनसक्छ । तर, वैदेशिक रोजगारीले ल्याएका र ल्याउनसक्ने सामाजिक, आर्थिक र मानवीय जोखिम विश्लेषण गरी आन्तरिक रोजगारी सिर्जना गरेर वैदेशिक रोजगारीलाई निरूत्साहित गर्नुपर्ने समय आएको छ ।

चालु आर्थिक वर्ष २०७९/८० को असार १५ गतेसम्म सात लाख ४० हजारभन्दा बढी युवा रोजगारीका लागि विदेशिएका छन् । उक्त संख्या रोजगारीका लागि विभिन्न ७३ मुलुकमा गएका हुन् । नेपालको इतिहासमा यो सबैभन्दा उच्च हो । सरकारले ८५४ वटा म्यानपावर कम्पनीलाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न अनुमति दिएको छ । वैदेशिक रोजगार पछिल्लो दशक नेपालीहरूको रोजीरोटीको माध्यम बन्दै आएको छ । छिमेकी देश भारत र चीनसहित अध्ययन, पेसा व्यवसाय तथा रोजगारीको नाममा विश्वका प्रायः सबै मुलुकमा पुगेका छन् नेपालीहरू । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको ११ महिनामा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४६.६ प्रतिशतले वृद्धि भई चार लाख ५९ हजार ४१५ पुगेको छ । वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ०.५ प्रतिशतले वृद्धि भई दुई लाख ६० हजार २६२ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २०८.३ प्रतिशतले बढेको थियो । त्यसैगरी, सोही अभिलेख अनुसार समीक्षा अवधिमा विप्रेषण (रेमिटचान्स) आप्रवाह २२.७ प्रतिशतले बढेर ११ खर्ब १२ अर्ब ५२ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ४.१ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३.० प्रतिशतले बढेर आठ अर्ब ५१ करोड रूपैयाँ पुगेको छ । यो तथ्यांक देशको रोजगारीको अवस्था पर्याप्त हुन्छ । पछिल्लो समयमा नक्कली भिसा प्रकरण तथा रोजगारीका नाममा हुने ठगी बढ्न थालेको छ ।

आर्थिक वर्ष २०७९/८० को आर्थिक सर्वेक्षणअनुसार सामाजिक सुरक्षा र श्रम कानुनको पहुँचभन्दा बाहिर रहेका अनौपचारिक क्षेत्रको रोजगारीलाई व्यवस्थापन गर्न एक वर्षे कार्ययोजना तयार भई कार्यान्वयनमा आएको, चालु आर्थिक वर्षको फागुनसम्म ७४१ गैरनेपाली नागरिकलाई श्रम स्वीकृति दिइएको र ७९५ गैरनेपाली नागरिकको श्रम स्वीकृति नवीकरण गरिएको कुरा उल्लेख गरिएको छ । फागुनसम्म एक हजार ६९२ श्रम प्रतिष्ठानको निरीक्षणका साथै न्यूनतम पारिश्रमिक कार्यान्वयनको अनुगमन गरिएको छ । उक्त अवधिमा ३१ श्रम प्रतिष्ठानलाई श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र प्रदान गरिएको र २६९ इजाजतपत्रको नवीकरण गरिएको प्रतिवेदनमा उल्लेख छ । गत फागुनसम्म औद्योगिक/व्यवसायसँग सम्बन्धित ५३५ उजुरीमध्ये ३०० श्रम विवाद समाधान भएको कुरासमेत उल्लेख गरिएको पाइन्छ ।

नेपालको संविधान-२०७२ को धारा ३३ मा रोजगारीको हकको व्यवस्था गरिएको छ । उक्त व्यवस्था अनुसार प्रत्येक नागरिकलाई रोजगारीको हक हुने, रोजगारीको सर्त, अवस्था र बेरोजगार सहायता संघीय कानुनबमोजिम हुने र प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक हुने व्यवस्था गरिएको छ । तर, नेपालको वर्तमान परि दृश्यलाई हेर्दा नेपालका कानुन केवल कागजमामात्र सीमित रहेको कुरा उल्लेख गरिएको छ । नेपालमा ऐन कानुनहरू नभएका होइनन्, अल्पकालीन तथा दीर्घकालीन योजनाहरू पनि नभएका होइनन् तर त्यस्ता कानुन तथा योजनाहरूको पूर्णकार्यान्वयन हुन सकेन जसले गर्दा हरेक दिन हजारौं नेपाली विदेशिन बाध्य भएका छन् ।

वर्तमान १५औं योजना २०७६-८१ ले रोजगारीलाई व्यवस्थापन गर्ने सम्बन्धमा सबै नागरिकलाई मर्यादित, उत्पादनशील र उत्थानशील रोजगारीको उपलब्धता गराउने सोच, उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्पउपयोगमा उल्लेखनीय रूपमा कमी ल्याउने लक्ष्य तथा देशभित्र उत्पादनशील र मर्यादित रोजगारीका अवसर विस्तार गर्ने, असल औद्योगिक श्रम सम्बन्ध विकास गर्ने, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने उद्देश्य तय गरेको छ । निर्धारित लक्ष्य, उद्देश्य र सोचलाई पूरा गर्ने सवालमा स्थानीय तहदेखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने, विद्यमान श्रम तथा रोजगारसम्बन्धी कानुनहरूको प्रभावकारी कार्यान्वयन, सामाजिक संवादको माध्यमबाट असल औद्योगिक श्रम सम्बन्धको विकास गर्ने, राष्ट्रिय आवश्यकताका अधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम र सीप विकासमार्फत श्रमिकको दक्षता अभिवृद्धि गर्ने, वैदेशिक रोजगारीका चरणलाई सुरक्षित, शोषणमुक्त मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने रणनीति अवलम्बन गरिएको छ । तर, ती योजना केवल काजगमामात्र सीमित हुँदा योजनाको माध्यमबाट सरकारले रोजगारीमा देखापरेका समस्या समाधान गर्न सकेको छैन ।

एकातिर देशभित्र उत्पादनमूलक रोजगारी सिर्जना गरी मुलुकमा उपलब्ध युवा श्रमशक्तिको उपयोगमार्फत कृषि क्षेत्रमा विद्यमान अनुत्पादक अधिक श्रमशक्तिलाई उद्योग, व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्यजस्ता सेवा क्षेत्रमा स्थानान्तरण गर्न सकेमा अर्थतन्त्रको संरचनात्मक अवस्था परिवर्तनमा योगदान हुनसक्छ । तर, वैदेशिक रोजगारीले ल्याएका र ल्याउनसक्ने सामाजिक, आर्थिक र मानवीय जोखिम विश्लेषण गरी आन्तरिक रोजगारी सिर्जना गरेर वैदेशिक रोजगारीलाई निरूत्साहित गर्नुपर्ने समय आएको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धि १६९ ले मर्यादित र सुरक्षित रोजगारी र श्रमको उत्पादकत्वको प्रत्याभूति गरेको छ । राष्ट्रिय रोजगार नीति-२०७१ र वैदेशिक रोजगार नीति-२०६८ कार्यान्वयनमा आएका छन् भने दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय श्रम संगठन अभिवृद्धिमार्फत सुरक्षित रोजगारीको प्रतिबद्धता व्यक्त गरिएको छ । यसका लागि आन्तरिक रोजगारीको प्रवर्द्धन, बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य र उत्पादकत्व वृद्धि गर्ने रणनीतिअनुरूप कार्यक्रम सञ्चालन गर्नुपर्ने र नागरिकलाई ठगीबाट बचाउनु राज्यको दायित्व हो ।

हाल उदार श्रमनीति, सीपमूलक श्रमशक्तिको अपर्याप्तता र कमजोर श्रम निरीक्षण तथा नियमनका कारण विदेशी श्रमिक आप्रवाह बढ्दै गएको र स्वदेशी श्रमिक विस्थापित हुँदै गएको अवस्था छ । श्रम शक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा संलग्न रहेको र बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत र बाध्यकारी श्रम सहभागिता दर १.२ प्रतिहजार रहेको छ । श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, श्रमप्रतिको सम्मानमा कमी हुनु, उद्यमशीलता विकास, स्वरोजगार प्रवर्द्धन र उत्पादनशील रोजगारीको सिर्जना पर्याप्त हुन नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त सीप र पुँजीको न्यून परिचालन हुनु, विभिन्न प्रकृतिको बालश्रम विद्यमान रहनु, सकारात्मक औद्योगिक श्रम सम्बन्धको विकास गरी रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु र श्रमबजार सूचना प्रणाली र श्रम प्रशासन चुस्त नहुनु मुख्य समस्या भएता पनि त्यसतर्फ राज्यको ध्यान पुग्न सकेको छैन ।

पछिल्लो दशक वैदेशिक रोजगारीमा नक्कली भिसाको प्रवृत्ति बढेको छ । पछिल्लोपटक कागजातहरू शंकास्पद देखिएको भन्दै कुवेतलगायतका मुलुकमा जान लागेका १७१ जनालाई विमानस्थलबाट फर्काइएको छ जसमा कागजात दुरूस्त नभएर शंका लागेपछि असार २४ गते १५ जना, असार २५ गते ३७ जना, असार २७ गते १०१ जना र असार २८ गते १८ जना गरी १७१ जनालाई फर्काइएको थियो । यस्तो घटनामा विशेषगरी कतिपयको भिसामा 'वेटिङ फर एप्रुभ', कतिपयको व्यक्तिगत श्रम स्वीकृति भए पनि राजदूतावासबाट श्रम स्वीकृति नभएको, एउटा देशमा जान कागजात पेस गरेको तर अर्कै देशको भिसा लागेको जस्ता समस्याहरू देखिएका छन् । यो घटनाभन्दा अगाडि जोर्डन जान लागेका १५ जनामासमेत यस्तै समस्या देखापरेको थियो । यस्तो घटनामा म्यानपावर कम्पनीको चरम लापरवाही देखिन्छ भने राज्य उदासीन देखिन्छ ।

विभिन्न सरकारी अभिलेखअनुसार पछिल्लो डेढ दशकको अवधिमा वैदेशिक रोजगारीका क्रममा झण्डै साढे १० हजार जनाभन्दा बढी श्रमिकले ज्यान गुमाएका छन् । त्यसमध्ये करिब १३ प्रतिशतको मृत्यु आत्महत्याका कारणले भएको देखिन्छ । एकातिर यस्ता विषयमा सरकार आफैंमा उदासीन छ भने अर्कोतर्फ गन्तव्य देशका सरकारहरूले श्रमिकका अवस्थामा पर्याप्त ध्यान दिन नसकेको अवस्था छ । श्रम र मानसिक स्वाथ्य जोडिएका विषय हुँदाहुँदै पनि यस्ता विषयको सम्बोधन गर्न कुनै पनि पक्ष तयार नहुने विडम्बनाको विषय हो । नेपाल लेबर माइग्रेसन रिपोर्ट-२०२२ का अनुसार पछिल्लो १४ वर्षमा १० हजार ६६६ श्रमिकले वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका छन् । जसमध्ये १० हजार ४०० भन्दा बढी पुरूष थिए । लाखौं नेपाली खाडी र मलेसियासहित विभिन्न देशमा वैदेशिक रोजगारीमा गएका छन् । उनीहरूले पठाउने रेमिटचान्सले नेपालको कूल गार्हस्थ उत्पादनको करिब एक चौथाइ हिस्सा ओगटेको छ । तर, श्रमिकहरू ठगिने कुरामा न राज्यको निगरानी छ, नत म्यानपावर कम्पनीको चासो छ, न त सम्बन्धित देशमा रहेका नेपाली दूतावासहरूको ध्यान पुग्न सकेको छ ।

विभिन्न देशमा कम्पनीका मालिकले कुटेर काममा नलगाएका, परिचयपत्र नभएका, भिजिट भिसामा अलपत्र परेका, स्वदेशमा नै म्यानपावर कम्पनीबाट ठगिएका, भिजिट भिसामा घरेलु कामदार लगेका, एउटा मुलुकबाट अर्को मुलुकको होटल तथा रेस्टुरेन्टमा काम गर्न लगाइएका तथा वेश्यावृत्ति गर्न बाध्य बनाइएका घटनाहरूबाट समेत रोजगारीमा हुने ठगीको डरलाग्दो रूप स्पष्ट हुन्छ । सरकारले रोजगारीका क्षेत्रलाई ध्यान दिन नसक्दा नेपाली युवायुवतीहरू विभिन्न समस्याको सामना गर्न बाध्य भएका छन् ।

वैदेशिक रोजगारीमा जान लागेका नेपालीहरू खासगरी नेपालमै म्यानपावर कम्पनीहरूबाट ठगिने, विदेशमा पुगेर अलपत्र पर्ने, एक ठाउँमा भनेर अर्को ठाउँमा पुग्नुपर्ने, भनेजति तलब तथा भत्ता नपाउने, आकर्षक तलब पाउने प्रलोभनमा परेर भिजिट भिसामा गएका नेपालीहरू अलपत्र पर्ने र व्यक्तिगत श्रम स्वीकृतिमा चर्को शुल्क लिएर पठाउने गरेको पाइन्छ । श्रम स्वीकृति नलिई भिजिट भिसामा गएर दुःख पाएको पनि भेटिएका छन् । त्यसैले वैदेशिक रोजगारीमा जानुपूर्व प्रत्येक युवायुवतीले यस्ता कुराहरूका विशेष ध्यान दिनु जरूरी छ । त्यसैगरी रोजगारीमा जाँदा आफूले जान चाहेको मुलुक, कम्पनी र काम गर्ने पद, लाग्ने खर्च, पाउने तलब, बस्ने व्यवस्था र काम गर्ने समयको बारेमासमेत ध्यान दिनु जरूरी देखिन्छ । पछिल्लो समय विभिन्न देशमा रोजगारीका लागि पठाइदिने भन्दै करोडौं ठगी गरेका घटनाहरू बाहिर आउने क्रम बढ्दो छ । तसर्थ कुनै पनि काम गर्दा चनाखो र सचेत हुनु जरूरी देखिन्छ । आवश्यक सीप सिकेर, कानुनी कुराहरूको बारेमा बुझेर अगाडि बढ्नु नै बुद्धिमानी हुन्छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा उपयुक्त जनशक्ति तथा प्रविधिको व्यवस्था गरी वैदेशिक रोजगारमा जाने नागरिकलाई ठगी हुनबाट बचाउनु राज्यको दायित्व हो, र अभिभावकत्व पनि हो ।

नेपाल सरकारबाट संस्थागतरूपमा वैदेशिक रोजगारीका लागि १११ देश खुला गरेको छ तर नेपालको श्रम कूटनीति कमजोर हुँदा नेपालीहरू ठगिने गर्दछन् । त्यसैगरी आधारभूत जानकारी दिने निकाय नै नभएर पनि नेपालीहरू ठगिने गरेका छन् । त्यसैगरी ठगिएका व्यक्तिले न्याय पाउन लामो समय खर्चिनुपर्ने अवस्था छ भने कममात्र क्षतिपूर्ति पाउने, ठगी गर्नेको नाम, पहिचान र ठेगाना स्पष्ट नहुने भएको कारणले पनि ठगिनेहरू बढेको हुँदा सबैपक्ष सचेत हुनु जरूरी छ ।

## पत्र-मञ्जुषा

## लम्पी स्किन महामारीको पीडामा किसान, सरकार मूकदर्शक

असार सकिनै लाग्दासम्म मुलुकभर अधिकांश किसानले रोपाइँ गरेका छैनन् । कतै पानीको अभाव, कतै मलको अभाव । यो किसानले बर्सेनि भोग्दै आएको समस्या हो । आकाशेपानीको भर पर्नुपर्दा किसानले समयमा धान रोपाइँ गर्न पाउँदैनन्, पाएका छैनन् । सरकारले उचित सिचाइँको व्यवस्था गर्न सकेको छैन । धान रोपाइँ गर्ने बेलामा प्रत्येक वर्ष मलको अभाव हुन्छ । किसानलाई मल उपलब्ध गराउन नसक्ने समस्या जुनसुकै सरकार आए पनि हट्न सकेको छैन । त्यसैले 'माना रोपेर मुरी उब्जाउने' किसानको चाहनामा हरेक वर्ष तुषारापात लाग्दै आएको छ । यो क्रम यस वर्ष पनि कायमै रहृयो ।

पानी र मलको अभावसँगै यो वर्ष किसानले अर्को समस्या बेहोर्नु परेको छ । गाईभैँसीमा लाग्ने लम्पी स्किन रोग अहिले देशभर फैलिएका कारण यसबाट किसान पीडित भएका छन् । कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार देशभर करिब आठ लाख पशुचौपायामा यो रोगको संक्रमण फैलिसकेको छ । पछिल्लो चार महिनामा मात्रै २६ हजारभन्दा बढी पशुचौपायाको यो रोगबाट मृत्यु भइसकेको तथ्यांक छ ।

व्यापकरूपमा लम्की स्किन संक्रमण फैलिँदा देशभरका कृषकहरू पीडित बनेका छन् । सरकारले रोग नियन्त्रणका लागि प्रयास गरिरहेको बताए पनि प्रभावकारी देखिएको छैन । पशुचौपायालाई लम्पीबाट जोगाउन खोप ल्याएर वितरण गरिरहेको मन्त्रालयले जनाएको छ । तर, लम्पीको फैलावट झन् तीव्र बन्दै गएको देखिन्छ ।

यो विषयले संसद्मा भने प्राथमिकता पाएको छ । सांसदहरूले बारम्बार यो विषय उठाउँदै आएका छन् । सभामुख देवराज घिमिरेले लम्पी स्किन रोग नियन्त्रणका लागि हालसम्म सरकारले गरेका प्रयासका बारेमा सदनलाई जानकारी गराउन कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिएका छन् । देशव्यापीरूपमा महामारीका रूपमा फैलिएको सो रोगका कारण हजारौं पशुचौपाया मरेका कारण किसान मर्कामा परेको भन्दै सांसदहरूले सरकारको ध्यानाकर्षण गराएका थिए । सभामुखको यो कदम स्वागतयोग्य छ । कृषिमन्त्रीले सभामुखको निर्देशनअनुसार कस्तो जवाफ देलान्, त्यो हेर्न बाँकी नै छ ।

सांसदहरूको पटक-पटकको ध्यानाकर्षणपछि सभामुख घिमिरेले सो रोग नियन्त्रणका लागि सरकारका तर्फबाट भइरहेको प्रयासका बारेमा जानकारी गराउन कृषि मन्त्रालयलाई निर्देशन दिएका हुन् । त्यसअघि महामारीका रूपमा देखापरेको लम्पी स्किन रोगका कारण प्रभावित किसानलाई राहत उपलब्ध गराउन सांसदहरूले माग गरेका थिए ।

लम्पी स्किनका कारण किसानका पशुचौपाया मरेका छन् । रोपाइँ गर्ने समयमा गोरु बिरामी परेपछि र कतिपयका गोरु मरेपछि रोपाइँ नै हुन नसकेका समाचारहरू अहिले दैनिक आइरहेका छन् । यस्तो अवस्था नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न नसक्नु सरकार निकम्म हुनु हो । देशमा तीन तहको सरकार भएर पनि एउटा रोग नियन्त्रणमा लाग्न नसक्नुले जनमानसमा ठूलो आक्रोश जन्माएकोप्रति ध्यान जाओस् ।

*- सरोज मगर, सिन्धुली*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**क्रसर उद्योगको लापरवाही**
बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका–८ डिप्सामा सञ्चालनमा रहेको नाङशाल ढुंगा तथा क्रसर उद्योगले राजमार्ग छेउसँगै बगिरहेको रोशी खोला नै थुन्नेगरी फालिएको फोहोरको थुप्रो । खोलामा थुपारिएको फोहोर बगाएपछि किसानहरूको तलतिर रहेको खेतमा बाढी पसेर पुरिदिएको गुनासो छ ।
*तस्बिरः पेमा लामा/रासस*

# विपत्तिले झस्काइरहेको फेदीगाउँ

■ **मणिराज गौतम**

**मनहरी–** विपत्तिको कुरा सुन्नेबित्तिकै सरोजकुमार खनाल झस्किन्छन् । उनले बाढीपहिरोबाट ११ जना परिवारका सदस्य गुमाउनुपर्ला भनेर कहिल्यै सोचेका थिएनन् । मकवानपुर जिल्लाको तत्कालीन पालुङ गाविस-९ फेदीगाउँमा बाढीपहिरोको परिवेशलाई सम्झँदा उनी भक्कानिन्छन् ।

फेदीगाउँमा एक साताසम्म पानी पर्दा पनि घुम ओडेर गोठालो जाने गरेका खनाल बाढीपहिरोले आँखै अगाडि गाउँ नै बगाएको देख्दा उनलाई असहय पीडा भएको थियो । बाढीपहिरो जाने कुनै सम्भावना नभएको उक्त ठाउँमा विनासकारी बाढीले कसरी आँखा गाड्यो कल्पना गर्न कठिन छ उनलाई ।

कुरा वि.सं. २०५० को हो । साउन ४ गते खनाल आमाले पकाएको खाना खाएर पारिपट्टि रहेको तत्कालीन विकास घरमा बसेर काम गरिरहेका थिए । दिउँसो ४ बजेतिर यति ठूलो पानी पर्‍यो कि खनालले आजसम्म त्यस्तो पानी परेको देखेका थिएनन् । मुसलधारे वर्षाका कारण खनाल घर जानसक्ने अवस्थामा थिएनन् । उनी भन्छन्, 'वर्षाले ठूलै विपत्ति ल्याउनसक्ने सहजै अनुमान गर्न सकिन्थ्यो । रातभर पानी परेको हेरेर भगवानसँग कुनै अकल्पनीय नहोस् भन्दै रात काटिरहेँ ।'

चारैतिर मुसलधारे पानीको वेग भएपछि शारीरिकरूपमा र मानसिकरूपमा उनमा चिन्ता बढ्नु स्वाभाविक थियो । बिहान उज्यालो भएपछि उन बाढीको प्रवाह नगरी आफ्नो घरतिर लागे । जब उनी घरमा पुगे, त्यहाँ न उनले न घर देखे न परिवार नै । उनको घर परिवारलाई रातको ठूलो वेगमा आएको बाढीसँगै बगाइसकेको थियो । बिहान घरमा पुग्दा परिवार पुरिएका थिए, गाईवस्तु केही पानीमा तैरिएको थिए भने धेरै पुरिएको अवस्थामा थिए । खाद्यान्न नगदसँगै खनालको आफ्नो शरीरमा भएको एकसरो कपडाबाहेक केही बाँकी रहेनन् । उनको होस हरायो, केहीबेर अचेत बने ।

जीवनमा यति ठूलो विपत्ति आइलाग्ला भनेर कल्पना नगरेका उनी केहीबेर त लडीबुडी गर्दै रुने कराउने गरे तर उनको त्यो चित्कार सुन्ने कोही थिएन । रातभर घरपरिवारमा केही नहोस् भनेर भगवानसँग गरेका प्रार्थनाको कुनै अर्थ रहेको थिएन । बाढीले उनको बाबु, आमा, श्रीमती, भाउजु, दुई भाइ, दुई भतिजा, आफ्ना तीन बच्चा गरी ११ जनालाई उनीबाट खोसेर लगेको थियो । ३० वर्षअघिको घटना सुनाउँदै उनी भन्छन्, 'मलाई दैव र दशा एकैपटक लाग्यो ।'

बाढीपहिरोले यसरी सर्वस्व लैजाला भन्ने उनले कल्पनासमेत गरेका थिएनन् । अग्लो डाँडामा घर भएको र तल सानो दुईवटा खोल्सा थिए । यही खोल्सामा बगाएर ल्याएका उतिसका रुखका जराहरू अडकेर पानी बारिएर पोखरी बन्न पुग्यो । एक्कासि बाँध फुटेर आउँदा घर बगाएको हुनसक्ने तत्कालीन गाविस अध्यक्ष रामहरि विष्टको अनुमान छ । 'डाँडाको बीचमा भएको खोच भरिदै आएर फुटेपछि यसबाट निस्केको वेगले नै घर बगाएको हुनसक्छ,' उनले भने ।

आखिर विपद्लाई सहनुबाहेक उनको अर्को विकल्प पनि थिएन । उनको यस्तो दुर्दशामा सिंगो गाउँ नै रोइरहेको अवस्थामा सरकारले राहतको नाममा दिएको सामान्य दालचामलको भरमा उनले गोठमा ओत लगाए । यतिका समय बितिसक्दा पनि उनले परिवार गुमाउनुको पीडाले छोडेको छैन ।

खनालमात्रै होइन, त्यतिबेलाको विपत्तिमा फेदीगाउँ निवासी हर्कबहादुर तामाङ पनि बाढीपहिरो प्रभावित व्यक्ति हुन् । उनी त्यसबेलाको कहालीलाग्दो अकल्पनीय बाढीपहिरोका प्रत्यक्षदर्शी हुन् । यसरी गाउँ नै सखाप पार्नेगरी बाढी आउला भन्ने उनको मनमा पनि कहिल्यै आएको थिएन । तर दैव नटारे भनेझैँ प्रकोपको त्यो बेगले हर्कबहादुरका अगाडि केही लागेन । अन्ततः धेरै घरहरू आफ्नै आँखा अगाडि बगेको देख्दा उनले केही गर्नसक्ने कुरा थिएन ।

बाढीपहिरो आउँछ, सचेत हुनुपर्छ भन्ने खासै सचेतना नपाएका हर्कबहादुरलाई कसरी सुरक्षित बस्ने, पूर्वसूचनाका बारेमा कुनै जानकारी पनि थिएन । उनी भन्छन्, 'त्यतिबेला सूचना दिने चलन पनि थिएन, बाढी आउँछ बगाउँछ भन्ने थाहा भइदिएको भए त गाउँका धेरैलाई बचाउन सकिने थियो कि !'

त्यतिबेला हर्कबहादुरको परिवार फेदीगाउँको स्कुलनजिक बस्ने गरेको थियो । सामान्य परिवारका उनी खेती किसानी तथा व्यापार गरेर जीविकोपार्जन गर्दै आएका थिए । फेदीगाउँमा ढुंगामाटोका घरहरू रहेकाले उनीहरू आफ्नो घर सुरक्षित रहेको महसुस गर्थे । हर्कबहादुरलाई पनि यस्तै लागेको थियो । स्कुलसँग जोडिएको उनले बाढी आउनासाथ हत्तपत्त परिवारलाई स्कुलमा राख्न भ्याएकाले अकालमा ज्यान गुमाउन नपरेको उनी बताउँछन् । आफूले परिवार नगुमाए पनि अरुको परिवार गुमेको देख्दा उनको मन थाम्ने अवस्था थिएन । बाढीले आफ्नै आँखा अगाडि घर बगायो, अन्नपात, खसीबोका सबै बगाएको थियो ।

त्यो बेलामा परेको मुसलधारे पानी आफूले अहिलेसम्म अनुभव नगरेको उनी बताउँछन् । त्यस रातको स्मरण गर्दै उनी भन्छन्, 'चटयाङसहित मुसलधारे वर्षाले त्रसित बनाएको थियो । छिमेकका कुनै घरहरू देखिएका थिएनन् । बिहान उज्यालो भएपछि हेर्दा गाउँमा रहेको स्कुलबाहेक सबै घरहरू बाढीले लगेको थियो । गाउँ पूरै बगरमा परिणत भएको थियो । घर गोठहरू रहेका ठाउँमा ठूलाठूला ढुंगाहरू थुप्रिएको थियो । गाउँमा दुईतिर स-साना दुई वटा खोल्सा थिए । यी खोल्साहरू भरिएर दुवैतर्फबाट बाढी आएको थियो ।'

हाल सो ठाउँ थाहा नगरपालिका-२ मा पर्दछ । नगरपालिका क्षेत्रभित्र भए पनि फेदीगाउँको मुहार फेरिएको छैन । नगरपालिकाका पूर्वप्रमुख लवसेर विष्टले फेदीगाउँ पुनर्निर्माण र बाढीपहिरो नियन्त्रण गरी सुरक्षित गाउँ बनाउने अभियानले अझै पूर्णता पाउन नसकेको बताउँछन् । अहिले पनि फेदीगाउँ बाढीपहिरोको उच्च जोखिममा रहेको छ ।

हर्कबहादुरजस्तै उतिबेलाको यो विपत्तिका सिकार भएका मकवानपुरको तत्कालीन आग्रा गाविस-८ निवासी डम्बरबहादुर रुम्बासँग पनि यस्तै विपत्तिको कथा छ । घरबाट विद्यालय जाने क्रममा खोला तर्दा कापी किताब र चप्पल खोलाले बगाएपछि उनको स्कुल जाने चाहना पूरा हुन पाएन । १३ वर्षको उमेरमा अध्ययनलाई विट मार्दै पैसा कमाउन उनी काकाको साथमा राजधानी काठमाडौं छिरे । गरिबीका कारण पढ्न लेख्न समस्या भएको बताउने डम्बरबहादुर तीन दिन पैदलयात्रा गरी राजधानी काठमाडौं पुगे । काठमाडौंको कलंकीस्थित एउटा होटलमा भाडा माज्ने काम पाए । काम पाएपछि पैसा कमाएर परिवारलाई सुखी राख्छु भन्ने सोच पालेका उनको सपना त्यो दिन लुटियो जुन दिन गाउँमा भीषण पानी परेको थियो ।

२०५० साउन ४ गते रुम्बा आफ्नो जीवनको कालो दिन सम्झँदै भन्छन्, 'बाढीले उनको परिवारमा आमा, बुबा, एक दिदी, दुई भाइ र एक बहिनीलाई बगाएको थियो । मलाई अहिले पनि त्यो दिन कहिल्यै बिर्सन नसक्ने कालो दिन भएको छ ।' उनी राजधानीमा भएका कारण बाँच्न सफल भएका थिए । राजधानीमा काम गर्न थालेको झण्डै आठ महिना भएको थियो । यसबीचमा परिवारसँग देखभेट भएको थिएन । बाढीले घरपरिवारसँगै उनको घरमा भएको अन्नपात, छ वटा खसी, एउटा बोको पनि बाँकी राखेनन् र २१ रोपनी खेत पनि बाढीले पुरेर काम गर्न नसक्ने बनाइदियो ।

काठमाडौंबाट धादिङको महादेववेशीमा आइपुग्दा आफूलाई परिवार बाढीमा पुरिएको खबर एक जनाले सुनाएपछि अब एक्लो के बाँच्नु भनेर पुलबाट हामफाल्ने सोच उनमा नआएको पनि होइन । कसैले त्यसो गर्न रोकेपछि चार दिन हिँडेर गाउँ आइपुगेका उनी गाउँ पुग्दा गाउँलेहरूले लास निकाल्ने कार्य गरिरहेको देख्दा निकै भावुक बने । तेह्र वर्षको कलिलो उमेरमा टुहुरो बन्नुपर्दा उनलाई संसार निकै बिरानो लाग्नु स्वाभाविकै थियो । अहिले पनि उनलाई पटक-पटक त्यतिबेलाको विभत्स अवस्थाले झस्काउने गर्दछ । वर्षायाम सुरु भएसँगै फेरि पनि त्यस्तै विपत्ति आइलाग्ने हो कि भन्ने त्रासले उनलाई छाडेको छैन । *रासस*

## गगनको नेता ...

पृष्ठ १ बाट जारी

(संशोधन र परिमार्जनसहित, २०७४)मा यससम्बन्धी व्यवस्था रहेको छ । विधानको दफा २२ मा विश्वास र अविश्वासको प्रस्ताव तथा पदाधिकारीलाई हटाइने शीर्षकमा नेताको पद रिक्त हुनसक्ने व्यवस्था उल्लेख गरिएको छ । २२ उपदफा १ मा भनिएको छ, 'नेताले कार्यसमितिसमक्ष लिखित राजीनामा दिएमा, विश्वासको प्रस्ताव पारित हुन नसकेमा, अविश्वासको प्रस्ताव पारित भएमा, निज प्रतिनिधिसभाको सदस्य नरहेमा वा निजको मृत्यु भएमा नेताको पद रिक्त हुनेछ ।' यसमा उल्लेख भएका पाँचमध्ये अविश्वासको प्रस्तावबाहेक अरु विषयबाट तत्काल दलको नेताको पद रिक्त हुने अवस्था देखिँदैन ।

अविश्वासको प्रस्तावसम्बन्धी व्यवस्था दफा २२ कै उफदफा १ मा उल्लेख छ । जसमा भनिएको छ, 'नेतामाथि राखिएको अविश्वास प्रस्तावलाई संसदीय दलको प्रतिनिधिसभाका सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्यले समर्थन गरेमा सो प्रस्ताव पारित भएको मानिनेछ ।' यसैगरी चर्को विरोध आइरहेमा नेता आफैंले पनि संसदीय दलको नेतामा बहुमत छ या छैन भनी जाँच्न सक्ने व्यवस्था छ । दफा २२ को ३ मा यसबारे भनिएको छ, 'नेताले आफ्नो कार्यकालभित्र कुनै बखत आफूमाथि संसदीय दलको विश्वास छ भन्ने कुरा प्रमाणित गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतका लागि संसदीय दलमा प्रस्ताव राख्न सक्नेछ । यस्तो प्रस्ताव संसदीय दलका प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशतभन्दा बढीको विश्वास प्राप्त भएमा पारित भएको मानिनेछ ।'

के कांग्रेसमा तत्काल देउवाविरुद्ध संसदीय दलको नेतामा अविश्वासको प्रस्ताव आउनसक्ने अवस्था छ त ? वा देउवा आफैंले यसमा परीक्षण गर्ने तयारी छ त ?

गगनपक्षकै एक केन्द्रीय सदस्यले नाम नखुलाउने सर्तमा यो सम्भव नरहेको दाबी गरे । 'अहिले सभापतिसँग एब्सोलुट मेजोरिटी छ । त्यसैले संसदीय दलको नेता फेर्नसक्ने अवस्था देखिदनँ,' ती केन्द्रीय सदस्यले भने । यद्यपि कांग्रेसमा संसदीय दलको नेता फेर्न अन्तर्राष्ट्रिय शक्तिहरू भने लागिपरेको उनको भनाइ थियो । 'देउवाबाट काम नबन्ने देखेपछि मान्नेलाई ल्याउने तयारी देखिन्छ,' ती नेताले भने ।

देउवा झनै बलियो भएको अवस्थामा गगनको बोलीको केही सुनुवाइ नहुने संस्थापन पक्षका एक पदाधिकारी दाबी गर्छन् । 'संसदीय दलमा झण्डै तेब्बर मतले जितेका हुन् देउवा । महाधिवेशनमा त ८३ प्रतिशतभन्दा बढी मत पाएका हुन्,' ती पदाधिकारीले भने, 'अहिले त झन् डा. शेखर कोइरालाकोसमेत साथ छ ।' यस्तो अवस्थामा गगनले संसदीय दलको नेता बनेर प्रधानमन्त्री बन्ने सपना देख्नु दिवास्वप्नजस्तै भएको उनको तर्क थियो ।

### देउवाको उदाहरण दोहोर्‍याउँदै गगन

महामन्त्री थापा कहिले प्रधानमन्त्री बन्ने बताउँछन् त कहिले संसदीय दलको नेता । यी दुवै विषयमा देउवाकै उदाहरण प्रस्तुत गर्छन् । असार २३ गते देउवा संसदीय दलको नेता नभए पनि प्रधानमन्त्री बनेको उदाहरण पेस गरे थापाले ।

२०६४ को संविधानसभा चुनावपछि रामचन्द्र पौडेल संसदीय दलको नेता हुँदाहुँदै देउवा प्रधानमन्त्री भएको उदाहरण दिँदै आफू पनि प्रधानमन्त्री बन्न सक्ने बताएका हुन् । त्यतिबेला सर्वसम्मत प्रधानमन्त्री चयन हुने अवस्था आएमा देउवालाई उम्मेदवार बनाउने निर्णय गरिएको थियो जबकि संसदीय दलको नेता थिए पौडेल । निर्वाचन भएपछि पौडेल र एमाले अध्यक्ष झलनाथ खनालबीच प्रधानमन्त्रीका लागि १७ पटक मतदान भएको थियो । माओवादीले एमालेलाई साथ दिएपछि पौडेल पराजित भएका थिए ।

खनालपछि देउवाको नेतृत्वमा सरकार बन्यो । तर, पौडेलले प्रधानमन्त्रीको बागडोर सम्हाल्न पाएनन् । 'त्यो बेलामै आदरणीय नेता शेरबहादुर देउवाले के तर्क गर्नुभयो भने देशको आवश्यकता म भयो भने सबैलाई सम्हाल्छु, त्यसकारणले म हुनुपर्छ भन्नुभयो । अनि पछि पार्टीले के निर्णय गर्‍यो भने बहुमत भएर निर्वाचित भयो भने रामचन्द्र पौडेल हुनुहुन्छ, तर सर्वसम्मत हुनुहुन्छ भने शेरबहादुर देउवा हुनुहुन्छ भनेर निर्णय गर्‍यो । किनकि देशको आवश्यकता छ भनेर पार्टीले त्यो निर्णय गर्‍यो,' गगनले बूढानीलकण्ठमा भनेका थिए ।

अहिले देशको आवश्यकता यस्तै रहेको जनाउ दिँदै गगनले आफू प्रधानमन्त्री हुने ठाउँ रहेको दाबी गरेका थिए । 'अहिले म त्यही भन्दै छु । देशको आवश्यकता म वा मेरो पुस्ताको मान्छे प्रधानमन्त्री बन्ने कुरा हो । दलको नेता रामचन्द्र पौडेल हुँदै गर्दा शेरबहादुर देउवा प्रधानमन्त्रीको उम्मेदवार बन्न मिल्ने हो भने शेरबहादुर देउवा दलको नेता हुँदा गगन थापा प्रधानमन्त्री हुन किन नमिल्ने हो त ? मिल्ला नि त त्यहाँ पनि ?,' गगनले प्रश्न गरे, 'ठाउँ त त्यहाँ पनि होला, हाम्रै पार्टीभित्र गरेर आएको हो ।'

शनिबार विराटनगरमा पनि देउवाकै उदाहरण दिँदै गगनले आफू त्यसैगरी संसदीय दलको नेताबन्न सक्ने दाबी गरेका हुन् । 'कुनैबेला संसदीय दलको नेता गिरिजाप्रसाद कोइराला हुनुहुन्थ्यो । उहाँले राजीनामा दिइसकेपछि त्यो बेलामा संख्या पुर्‍याएर तत्कालीन नेता अहिलेको पार्टी सभापति शेरबहादुर देउवाले संसदीय दलको नेता परिवर्तन गर्नका लागि प्रयास गर्नुभएको र परिवर्तन गर्न सक्नुभएको क्षण म स्मरण गर्छु,' गगनले भने, 'यदि कांग्रेसभित्र संख्या पुगेको र आवश्यक भएको खण्डमा संसदीय दलको नेता बदलेको इतिहास छ । र, म त संसदीय दलको नेतामा प्रतिस्पर्धा गरिरहेको छु । म हुनुपर्छ भनेर कोसिस गरेको हुँ ।'


## तादी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**खरानीटार, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

### ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) कर उठाउने ठेक्का सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०३/३१)**

यस गाउँपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ को स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा २ अनुसार गाउँपालिकाभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदी खोलाहरुमा ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) आदि कूल संकलन देहाय बमोजिम घनमिटर मात्र बिक्रीमा हुनेछ। प्रति घनमिटर रु. ३१७.८७/- (भ्याट बाहेक) को दरले कर दस्तुर रकम संकलनको लागि ठेक्का गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुबाट E-Bidding मार्फत तथा स्वयं उपस्थित भई बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। सूचना अनुसार ठेक्का खरिद गर्दा तादी गाउँपालिकाको नाममा **कृषि विकास बैंक लिमिटेड, खरानीटार शाखा**मा रहेको राजश्व **खाता नं. 0213300985848022** मा देहायको टेण्डर दस्तुर बापतको रकम दाखिला गर्नुपर्नेछ। अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि वेबसाइट **www.bolpatra.gov.np/egp** मा गई **Tender document** हेर्न तथा डाउनलोड गर्न समेत सकिनेछ। यो सूचना प्रकाशित भए बमोजिम खरिद भएका बोलपत्रहरु २०८०/०४/३१ गते १२:०० बजेभित्र दाखिला गरिसक्नुपर्नेछ। समयसीमा भित्र पेश गरिएका बोलपत्रहरु सोही दिनको १:०० बजे खोलिनेछ।

**नोटः** ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) बिक्री कर संकलन ठेक्का अवधि ठेक्का सम्झौता भई सम्झौता गरेको मितिले २०८१ आषाढ मसान्तसम्मको लागि मात्र मान्य हुनेछ।

**तपशिल**

| ठेक्का नं. | विवरण (शिर्षक) | उत्खनन् परिमाण (कुल घनमिटर) | कुल न्यूनतम अङ्क (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| TRM/INTREV/2080/81 | नुवाकोट जिल्ला, तादी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका तादी, दोर्खु र घट्टे एवं अन्य आसपासका खोलाहरुबाट संकलन र बिक्री हुने ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो, स्लेट ढुङ्गा, आदि नदीजन्य पदार्थहरु र कवाडी एवं अन्य वस्तुमा कर असुल गर्नेछ।<br>(क) ढुंगा, गिटी, वालुवा, ग्राभेल संकलन र बिक्री कर प्रति घनमिटर रु. ३१७.८७/- का दरले हुनेछ।<br>(ख) कवाडी तथा अन्य वस्तुमा निकासी कर रु ..........<br>१. ब्लक प्रति गोटा रु. ०.५०/- (पचास पैसा)<br>२. पानी प्रति लिटर रु. ०.१०/- (दश पैसा)<br>३. पानी प्रति जार रु. १.००/- (एक रुपैयाँ)<br>४. मदिरा सिसी प्रति गोटा रु. १.००/- (एक रुपैयाँ)<br>५. प्लाष्टिकजन्य पदार्थ प्रतिकेजी रु. ०.५०/- (पचास पैसा)<br>६. फलाम प्रति केजी रु. १.०० (एक रुपैयाँ)<br>७. सिलौवर, जस्ता प्रति केजी रु. १.००/- (एक रुपैयाँ)<br>८. तामा, पित्तल प्रति केजी रु. ५.००/- (पाँच रुपैयाँ)<br>९. कागज प्रति केजी रु. ५.००/- (पाँच रुपैयाँ)<br>१०. हाड, सिङ, खुर प्रति केजी रु. २.००/- (दुई रुपैयाँ)<br>११. ईट्टा लोकल प्रति गोटा रु.०.२०/- (बीस पैसा)<br>१२. ईनारको रिङ प्रति गोटा रु. ५.००/- (पाँच रुपैयाँ)<br>१३. मेशिनबाट उत्पादित ईट्टा प्रति गोटा रु ०.२५/-(पच्चीस पैसा)<br>१४. काठ निकासी प्रति क्यू.फि. रु. ३.००/- (तीन रुपैयाँ) | १०,२६१.०९/- | ३२,६१,६९२.६८/-<br>१,००,०००.००/- | ३,०००.००/- |
| | **कुल जम्मा** | | **३३,६१,६९२.६८/-** | |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

## 'कसरी भुल्नु तिमीलाई' सार्वजनिक

गायक शिव परियारको स्वर, सत्यकला लामाको शब्द र संगीतकार सिडी विजया अधिकारीको संगीतमा 'कसरी भुल्नु तिमीलाई' बोलको गीत सार्वजनिक भएको छ। गीतमा उर्गेन दोङको एरेन्ज र दीपेश प्रधानको मिक्सिङ तथा मास्टरिङ छ। एएमएस इन्टरटेनमेन्टको व्यानरमा निर्माण भएको उक्त गीतको भिडियोमा नयन सिंह, याङी दोङ, कुमार कार्की र लिलम थापा फिचर्ड छन्। गीत प्रेम र वियोग थिममा आधारित छ। विक्रम चौहान निर्देशित भिडियोमा नरेश अय्यरको छायांकन, लक्ष्मण चौहानको सम्पादन, मिलन विश्वकर्माको कलर ग्रेडिङ छ। भिडियोका निर्माता कुमार कार्की हुन्।



आइतबार, ३१ असार २०८० (Sunday, July 16, 2023)



# निर्देशनमा विनयराजको छलाङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रत्येक काममा सफलता प्राप्त गर्नका लागि लगनशिलता र निरन्तरता अनिवार्य हुन्छ। रुचिको विषयमा परिपक्वता ल्याउने भनेकै अनवरत संघर्षले हो। यसैको एउटा उदाहरण हुन् निर्देशक विनयराज पौडेल। बाल कलाकारको हैसियतबाट चलचित्र क्षेत्रमा होमिएका पौडेल निर्देशनको क्षेत्रमा आफुलाई समर्पित गरेकै कारण हाल खरिएको पात्रको रूपमा चिनिन्छन्। 'आफ्नो रुचिको विषय भएर होला यति लामो समय वितेको पत्तै भएन' भन्छन् उनी।

दुई दर्जन बढी चलचित्रमा काम गरिसकेका पौडेल यतिबेला सरकारलाई सफल बनाउन के गर्नु पर्छ भन्ने चेतनामुलक सिरियल 'सरखारको सर' को निर्देशनमा व्यस्त छन्।

गोविन्दपुर २४, वस्तिपुर लहान नगरपालिका सिरहाका स्थानिय वासिन्दा निर्देशक पौडेल २०५५ सालमा निर्माण भएको नेपालको पहिलो आर्ट फिल्म 'चमेली' बाट बालकलाकारको रूपमा अडिसन दिएर कलाक्षेत्रमा प्रवेश गरेका हुन्। पौडेलले के म तिम्रो साथी बन्न सक्छु, बिहे पास, मेला, पोईपऱ्यो काले, लव यु हमेशा, कृष्णलिला लगायतको ठुलो पर्दाको चलचित्रमा मुख्यसहायक निर्देशक हुँदै अहिले एकल निर्देशनमा आफ्नो पहिचान बनाईसकेका छन्।

समयनुसार चलचित्रको बिषयवस्तुमा बिबिधता आएपनि उनलाई मौलिक कथावस्तुमा आधारित नेपालीपन झल्कने चलचित्र दर्शकमाझ पस्कन मनपर्छ। चलचित्रमात्र होईन म्युजिक भिडियो निर्देशनमा समेत सकृय रहदै आइरहेका पौडेल म्युजिक भिडियोमा गीतको माग अनुसारको फ्रेममा दृश्य कैद गर्न सिपालु छन्। चलचित्र 'बिहे पास' असार २९ बाट प्रदर्शनमा आएको छ भने उनको मुख्य सहायक निर्देशन रहेको चलचित्र 'ऐचो पैचो' आगामी भाद्र १४ गतेबाट देशब्यापी प्रदर्शनमा आउने मिति तयभैसकेको छ।

निर्देशनको क्षेत्रमा छुट्टै पहिचान बनाउँन सफल पौडेलले निर्देशन गरेको 'नुनको भारी' अनुअल टुबोर्ग इमेज अवार्ड कार्यक्रममा बेष्ट निर्देशन लगायत अन्य बिद्यामा अवार्ड जित्न सफल भएको थियो भने गोल्डेन हर्स फिल्मस् प्रालिको आयोजनामा हालै राजधानीमा सम्पन्न 'प्रथम गोल्डेन हर्स इन्टरनेशन अवार्ड २०२२'मा उत्कृष्ट म्युजिक भिडियो निर्देशन 'जुरी अवार्ड २०२२' बाट सम्मानित भएका छन्। कलाक्षेत्रमा केही गर्नुपर्छ भन्ने मान्यताका निर्देशक पौडेलले निरन्तर यसै क्षेत्रमा सकृय रूपले लागिरहने सोच बनाएका छन्।

# वरिष्ठ नृत्यनिर्देशक केसीलाई 'प्रादेशिक प्रतिभा पुरस्कार'

■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ नृत्यनिर्देशक जोगेन्द्र केसी 'प्रादेशिक प्रतिभा पुरस्कार २०७९' बाट पुरस्कृत भएका छन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रदान गर्ने उक्त पुरस्कार अर्न्तगत संगीत तथा नाटच विधा तर्फ केसीले लुम्बिनी प्रदेशबाट प्रादेशिक प्रतिभा पुरस्कार प्राप्त गरेका हुन्।

भानु जयन्तीको अवसर पारी शुक्रबार राजधानीको नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित एक समारोहका बिच संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले नृत्यनिर्देशक केसीलाई उक्त पुरस्कारबाट पुरस्कृत गरेका हुन्। उक्त पुरस्कारको राशी ५० हजार रूपैयाँ रहेको छ। नेपाली मौलिक नृत्यलाई लोप हुन नदिन केसीको योगदान महत्वपूर्ण छ। उनले नेपाल सहित विश्वका बिभिन्न देशमा गएर मौलिक नृत्य प्रस्तुत गर्नुका साथै नेपाली कला, संस्कार र संस्कृतिको प्रचार गर्दै साँस्कृतिक पर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण योगदान दिदै आएका छन्।



राष्ट्रिय जीवनका बिबिध क्षेत्रमा आ-आफ्नो तर्फबाट बिशिष्ठ योगदान पुऱ्याएका प्रतिभालाई पुरस्कृत गर्ने हेतुले २०५० देखि यो पुरस्कारको स्थापना भएको हो। मन्त्रालयका अनुसार राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार कार्यबिधि २०७४ अर्न्तगत रही पुरस्कृत व्यक्तित्वहरूको छनौट गरिएको हो। भाषा एवम् साहित्य, संस्कृति, संगीत तथा नाटच र ललितकला गरि चार विधामा बिभिन्न सष्टा तथा सर्जकहरूलाई 'राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार २०७९' प्रदान गरिएको हो। लुम्बिनी प्रदेशका केसीसँगै कोशी प्रदेशका शेखर चापागाई, मधेश प्रदेशका सुनिल मल्लिक, बाग्मती प्रदेशका भुवनदास श्रेष्ठ, गण्डकी प्रदेशका खिम बहादुर गौतम, कर्णली प्रदेशका फुलमाया दर्जी र सुदरपशिचम प्रदेशका डम्बर बहादुर रोकाया पनि संगीत तथा नाटच विधा तर्फ प्रादेशिक प्रतिभा पुरस्कारबाट पुरस्कृत भएका छन्।

सोही कार्यक्रममा महाकवि देवकोटा पुरस्कार, भगतसर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार, गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार, इतिहास शिरोमणि बाबुराम आचार्य पुरस्कार, आदिकवि भानुभक्त राष्ट्रिय पुरस्कार, योगमाया राष्ट्रिय पुरस्कार, युगकवि सिद्धिचरण श्रेष्ठ राष्ट्रिय पुरस्कार र शताब्दी पुरुष सत्यमोहन जोशी राष्ट्रिय पुरस्कारबाट बिभिन्न सष्ट्रा तथा सर्जकहरूलाई पुरस्कृत गरिएको थियो।

# ट्रेन्डिङमा योगेन्द्रको 'क्लियर कट'

■ प्रभाव संवाददाता

**काठमाडौं–** रिलिज भएको २४ घण्टा नवित्दै चर्चित संगीतकार योगेन्द्र उपाध्यायको गीत 'क्लियर कट'को युट्युवको ट्रेण्डिङ्गमा परेको छ।

शुक्रबार सार्वजनिक गरिएको लोकपप शैलीको गीत टिकटक तथा अन्य सामाजिक सञ्जालमा समेत चर्चित बनिसकेको छ। धेरै लामो समय पछि रिलिजको २४ घण्टा नवित्दै गीत ट्रेण्डिङ्गमा परेको हो। सार्वजनिक गीतमा



योगेन्द्रको संगीत, डिपी खनालको शब्द र शंकर थापा स्माइलको स्वर र उदयराज पौडेलको संगीत संयोजन रहेको छ।

गीतको भिडियोलाई कार्टुन क्रुजले निर्माण गरेको हो। सरोज अधिकारीको निर्देशन रहेको भिडियोमा पवन सुस्लीङको छायाँकन र सरोज अधिकारीकै सम्पादन रहेको छ। सविन भण्डारी र अनुस्का श्रेष्ठको कोरियोग्राफी रहेको भिडियोमा एञ्जेल राई, पुर्वि सेन, आदर्श गहतराज, योगेश भण्डारी लगायतका कलाकारहरूको अभिनय रहेको छ।

त्रिभुवन विश्वबिद्यालयबाट संगीतमा माष्टर गरेका योगेन्द्रका यसअघि पनि थुप्रै गीतहरू चर्चित छन्।

## रंगशाला

सातौं प्रधानमन्त्री कप भलिबल

# नेपाल पुलिस र टिपटपले उचाल्यो उपाधि







■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पुलिस क्लबको महिला टिम र टिपटप हेल्प नेपालको पुरुष टिमले सातौं प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष राष्ट्रिय क्लब लिगको उपाधी उचालेका छन्।

नेपाल भलिबल संघको आयोजनामा भएको लिगमा आफ्ना पाँचै प्रतिद्वन्द्वीलाई पराजित गरि शिर्षस्थानमा रहँदै फाईनल पुगेको पुलिसले शनिबार सम्पन्न फाईनल खेलमा नेपाल एपिएफ क्लबलाई ३-१ सेटमा पराजित गर्दै उपाधी उचालेको हो। पुलिसले पहिलो सेट २५-१२ ले जितेको थियो। तर दोश्रो सेट २१-२५ ले एपिएफलाई सुम्पन पुग्यो। खेल १-१ को बराबरीमा गएपछि पुलिसले खेलमा सुधार गर्दै तेश्रो र चौथो सेट २५-२३, २५-१९ ले आफ्नो पक्षमा पार्दै ६ लाख नगद सहित उपाधी उचालेको हो।

उपविजयी एपिएफले नगद ३ लाखमा चित्त बुझायो। यस्तै तेश्रो स्थानमा रहेको होङ्गवान्जी न्यु डायमन्ड युथ स्पोर्टस् क्लबले नगद १ लाख ५० हजार र चौथो स्थानमा रहेको त्रिभुवन आर्मी क्लबले नगद ७५ हजार प्राप्त गऱ्यो।

राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको लिगको पुरुष तर्फको खेलमा आफ्नो अविजित यात्रालाई कायम राख्दै टिपटप हेल्प नेपाल स्पोर्टस् क्लबले पुरुष तर्फको उपाधी उचालेको छ। हेल्प नेपालले पहिलो सेट २५-१९ले आफ्नो पक्षमा पाऱ्यो। दोश्रो सेट पुलिसले २५-११ ले आफ्नो पक्षमा पार्दै खेललाई १-१ सेटको बरावरीमा पुऱ्यायो। तर तेश्रो र चौथो सेट २५-१८, २५-१८ ले आफ्नो पक्षमा पार्दै टिपटपले उपाधी उचालेको हो। उपाधीका साथ हेल्प नेपालले नगद ६ लाख सहित ट्रफी प्राप्त गऱ्यो। उपबिजेता पुलिसले नगद ३ लाख र ट्रफी प्राप्त गऱ्यो।

तेश्रो स्थानमा त्रिभुवन आर्मी क्लब रह्यो। आर्मीले नगद १ लाख ५० हजार प्राप्त गऱ्यो। यस्तै चौथो स्थानमा रहेको एपिएफले नगद ७५ हजार प्राप्त गऱ्यो।

८ दिन सम्म चलेको लिगमा सर्वोत्कृष्ट खेलाडी महिला तर्फ नेपाल पुलिस क्लबकी पुनम चन्द र पुरुषतर्फ टिपटप हेल्प नेपालका अईमल खान घोषित भए। सर्वोत्कृष्ट खेलाडीहरूले जनही ३५ हजार प्राप्त गरे।

विधागततर्फ नेपाल पुलिसकी शान्तिकला तामाङ्ग उत्कृष्ट लिवेरो, कमला पुन उत्कृष्ट सेटर, उषा भण्डारी उत्कृष्ट स्पाईकर, रूपेश बिष्ट उत्कृष्ट प्रशिक्षक र सुमित्रा रेग्मी उदिमान खेलाडी घोषित भए। यस्तै एपिएफकी सरस्वती चौधरी उत्कृष्ट सर्भर र आर्मीकी संगम महतो उत्कृष्ट ब्लकर घोषित भए।

पुरुष तर्फ हेल्प नेपालका टोप बहादुर थापा उत्कृष्ट लिवेरो, अद्नान खान उत्कृष्ट सेटर, मजहर अली उत्कृष्ट स्पाईकर र उत्सव खड्का उत्कृष्ट प्रशिक्षक घोषित भए। यस्तै उत्कृष्ट सर्भरमा एपिएफका हेमन्त मल्ल, उत्कृष्ट ब्लकरमा आर्मीका दुर्गा बहादुर खड्का र उदियमान खेलाडीमा नेपाल पुलिसका रविन चन्द घोषित भए।

विधागत तर्फका उत्कृष्टले जनही नगद १५ हजार र उदियमान खेलाडीहरूले जनही १० हजार प्राप्त गरे।

विजयी टिम तथा खेलाडीहरूलाई कार्यक्रमका प्रमुख अतिथी राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ्ग, गण्डकी प्रदेश सांसद लिलबहादुर थापा, राष्ट्रिय बाणिज्य बैंकका कार्यकारी प्रमुख किरण कुमार श्रेष्ठ, पूर्व अन्तराष्ट्रिय खेलाडी एवं सशस्त्र प्रहरी बलका पूर्व महानिरीक्षक दुर्ज कुमार राई लगायतले पुरस्कार वितरण गरेको थिए।

प्रतियोगितामा पुरुषतर्फ तीन विभागिय टोली त्रिभुवन आर्मी क्लब, नेपाल एपिएफल क्लब र नेपाल पुलिस क्लब, टिपटप हेल्प नेपाल, दावाँली मिलन क्लब, सैलुङ्ग बाघढुङ्गा स्पोर्टस् क्लब र गण्डकी प्रदेश भलिबल संघ तथा महिला तर्फ तीन विभागिय टोली आर्मी, एपिएफ, पुलिस क्लब, न्यु डायमन्ड युथ स्पोर्टस् क्लब, एभरेष्ट भलिबल क्लब र गण्डकी प्रदेश भलिबल संघले प्रतिस्पर्धा गरेका थिए।

# साग आयोजनाको विकल्प खोजिनुपर्छ : सदस्य सचिव

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य सचिव टंकलाल घिसिङले दक्षिण एसियाली खेलकुद प्रतियोगिता साग आयोजनाको विकल्प खोजिनुपर्ने बताएका छन्।



पाकिस्तानमा आयोजना हुने भनिएको प्रतियोगिता अनिश्चित बनिरहेको समय राखेप सदस्य सचिव घिसिङले यसको विकल्प खोजिनुपर्ने बताएका हुन्। 'प्रतियोगितालाई लिएर डेडलक गर्न पाईदैन। समयमा प्रतियोगिता नहुने हो भने पाकिस्तानको विकल्प खोजिनुपर्छ।' शनिबार भक्तपुरमा आयोजित माउन्टेन स्पेर्ट्स कन्क्लेभमा उनले भने।

१३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता नेपालले सन् २०१९ मा काठमाडौं, पोखरा र जनकपुरमा आयोजना गरेको थियो। नेपालपछि प्रतियोगिता आयोजनाको झण्डा पाकिस्तानले लिएर गएको थियो। प्रत्येक दुई वर्षमा आयोजना हुने प्रतियोगिता सन् २०२१ मा पाकिस्तानले आयोजना गर्नुपर्ने थियो। तर कोभिडको विश्वब्यापी प्रभाव तथा पाकिस्तान ओलम्पिक कमिटी र पाकिस्तान सरकारबीचको द्वन्द्वका लागि प्रतियोगिता प्रभावित बनेको छ। १४ औं साग गेम्स आयोजनाको अहिलेसम्म टुङ्गो लाग्न सकेको छैन। 'नेपाल ओलम्पिक कमिटीले सागको बैठक नेपालमा राखेर प्रतियोगिताको विकल्पबारे छलफल गर्नुपर्छ।' सदस्य सचिव घिसिङले भने।

सरकारले अर्को वर्ष पहिलो अन्तराष्ट्रिय माउन्टेन स्पोर्ट्स गेम्स आयोजनाको तयारी गरेको छ। सदस्य सचिव घिसिङले नेपाल ओलम्पिक कमिटीको समन्वयमा सरकारले अर्को वर्ष नेपालमा प्रतियोगिता आयोजना गर्ने प्रतिबद्धता जनाएका छन्।

भारत-वेस्ट इन्डिज टेस्ट सिरिज

# पहिलो टेस्टमा भारतको जित

**काठमाडौं (प्रस)–** भारतले घरेलु टोली वेस्ट इन्डिजविरुद्धको पहिलो टेस्टमा १ इनिङ र १ सय ४१ रनको फराकिलो जित निकालेको छ। वेस्ट इन्डिज दोस्रो इनिङमा १ सय ३० रनमै समेटिएपछि भारत तेस्रो दिनमै विजयी भएको हो।

वेस्ट इन्डिजका लागि एलिक एथानाजेले २८, जेसन होल्डरले अविजित २०, जोमेल वारिक्यानले १८, जोसुवा डि सिल्भा र अल्जारी जोसेफले समान १३ र रेमन रिफेरले ११ रन बनाए।

भारतका लागि रविचन्द्रन आश्विनले ७, रविन्द्र जडेजाले २ र मोहम्मद सिरजाले १ विकेट लिए। भारतले ४२१/५ को अवस्थामा पहिलो इनिङ समाप्तीको घोषणा गरेको थियो।

भारतका लागि डेब्यू गरेका यशस्वी जैसवालले ३ सय ८७ बलमा १६ चौका र १ छक्काको मद्दतमा १ सय ७१ रनको योगदान गरे। यसैगरी कप्तान रोहित शर्माले २ सय २१ बलमा १० चौका र २ छक्काको मद्दतमा १ सय ३, विराट कोहलीले १ सय ८२ बलमा ५ चौककाको मद्दतमा ७६ र रविन्द्र जडेजाले अविजित ३७ रन बनाए।

यशस्वीले पहिलो विकेटका लागि रोहितसँग २ सय २९ र तेस्रो विकेटका लागि विराटसँग ९० रनको साझेदारी गरे।

वेस्ट इन्डिजका लागि एलिक एथानाजे, अल्जारी जोसेफ, केमर रोच, राकिन कोनवाल र जोमेल वारिक्यानले समान १ विकेट लिए।

यसअघि डोमोनिकास्थित विन्डसोर पार्कमा टस जितेर ब्याटिङ रोजेको वेस्ट इन्डिज पहिलो पारीमा १ सय ५० रनमै समेटिएको थियो। जितसँगै भारतले २ खेलको शृंखलामा १-० को अग्रता लिएको छ। शृंखलाको दोस्रो तथा अन्तिम खेल २० जुलाई देखि सुरु हुनेछ।



**बाढीप्रभावित सडक सफाइ** | दक्षिणपश्चिम चीनको वानझाउस्थित चोङकिङमा बाढी आएपछि अवरुद्ध बनेको सडक सफा गर्दै उद्धारकर्मी । *तस्बिरः सिन्हुवा*

# रणनीतिक क्षेत्रका साथै दिगो विकासमा सहयोग बढाउन भारत र फ्रान्स सहमत

**नयाँदिल्ली–** भारत र फ्रान्स रणनीतिक क्षेत्रका साथै दिगो विकासमा सहयोग बढाउन सहमत भएका छन् । दुवै देशले अन्तरिक्ष र विज्ञानका क्षेत्रमा पनि संस्थागतस्तरमा सहयोग बढाउन सहमति जनाएका छन् ।

फ्रान्सको राष्ट्रिय दिवसका अवसरमा शुक्रबार सम्पन्न प्रधानमन्त्री नरेन्द्र मोदीको दुईदिने पेरिस भ्रमणका क्रममा दुई देशबीच विभिन्न सम्झौता भएका छन् । रणनीतिक सहयोगको क्षेत्रमा इन्डियन आयल कर्पोरेसन लिमिटेड र टोटल इनर्जी ग्यास एण्ड पावर लिमिटेड (टोटल एनर्जी) बीच दीर्घकालीन तरल प्राकृतिक ग्यास (एलएनजी) बिक्री र खरिद सम्झौता (एसपिए) स्थापनाको सम्झौता भएको छ ।

वैज्ञानिक सहयोगको क्षेत्रमा नेसनल इन्स्टिच्युट अफ ओसन टेक्नोलोजी, पृथ्वी विज्ञान मन्त्रालय चेन्नइ र इन्स्टिच्युट फ्रान्सिस डे रिसर्च पोर ले एक्सप्लोरेसन डे ला मेरबीच वैज्ञानिक एवं प्राविधिक विशेषज्ञताको आदानप्रदानसहितका सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

त्यसैगरी स्वास्थ्य र औषधिको क्षेत्रमा सहयोगका लागि आशयपत्र जारी गरिएको छ भने सहयोगका क्षेत्रहरूमा डिजिटल स्वास्थ्य, स्वास्थ्य सेवाका लागि 'एआई,' चिकित्सा फोहोर प्रशोधन प्रविधि, बायोटेक्नोलोजी, एन्टिमाइक्रोबियल प्रतिरोधविरुद्ध लड्न चिकित्सकहरूको आदानप्रदान र प्रशिक्षणललायत विषय त्यसमा समावेश गरिएको छ ।

अन्तरिक्ष विज्ञानमा सहयोग अभिवृद्धि, डिजिटल प्रविधिको क्षेत्रमा संस्थागत सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रका साथै नागरिक उड्डयनको क्षेत्रमा प्राविधिक सहयोग गर्नेसम्बन्धी एमओयूमा पनि हस्ताक्षर भएको छ । यसैबीच, प्रधानमन्त्री मोदी र फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँबीच शुक्रबार भएको भेटवार्तामा भारत र फ्रान्सबीचको सम्बन्धलाई थप उचाइमा पुऱ्याउने सहमति भएको छ। साझा मूल्य, सार्वभौमसत्ता र रणनीतिक स्वायत्ततामा विश्वासमा आधारित दुई देशबीचको सम्बन्ध अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसंघको बडापत्रप्रति अटल प्रतिबद्धता, बहुपक्षवादमा अटल विश्वास र स्थिर बहुध्रुवीय विश्वको साझा खोजलाई दुवै नेताले जोड दिएका थिए ।

दुवै नेताले रणनीतिक साझेदारीका विगत २५ वर्षमा भएका द्विपक्षीय सहयोगका हरेक क्षेत्रमा भएको रूपान्तरण र विस्तारको समीक्षा गरेका थिए । *रासस/एएनआई*

# दक्षिण कोरियामा भारी वर्षा र बाढीका कारण २२ जनाको मृत्यु

**सियोल–** दक्षिण कोरियामा भारी वर्षाका कारण आएको बाढी र पहिरोमा परी २२ जनाको मृत्यु हुनुका साथै १४ जना बेपत्ता भएको अधिकारीहरूले शनिबार जानकारी दिएका छन् ।



दक्षिण कोरिया आफ्नो ग्रीष्मकालीन मनसुनको मौसमको चरमोत्कर्षमा छ र विगत तीन दिनदेखि भारी वर्षा भइरहेको छ । वर्षाका कारण व्यापक बाढी र पहिरो निम्त्याएको छ । भारी वर्षाका कारण यहाँको एक प्रमुख बाँधको माथिल्लो भागमा पानीको सतह चढेको छ ।

गृह मन्त्रालयले दिएको जानकारीअनुसार भारी वर्षाका कारण २२ जनाको मृत्यु भएको छ भने अन्य १४ जना हराइरहेका छन् । बाढीका कारण मृत्यु हुने १६ जना र बेपत्ता नौ जनासहित अधिकांश उत्तरी ग्योङसाङ प्रान्तका बासिन्दा रहेका छन् ।

यहाँ मुख्य कारण पहाडी क्षेत्रमा आएको ठूलो पहिरोका कारण घरभित्र रहेका मानिसहरू पुरिएका छन् । योन्हाप समाचार संस्थालाई एक आपत्कालीन उद्धारकर्ताले बताएअनुसार अति प्रभावित क्षेत्रमा घरहरू सग्लै बगेका थिए ।

गोसान बाँधमा पानीको बहाव बढ्न थालेपछि गोसान काउन्टीका छ हजार ४०० भन्दा बढी बासिन्दालाई शनिबार बिहानै खाली गर्न आदेश दिइएको गृह मन्त्रालयले जनाएको छ ।

उत्तरी ग्योङसाङ प्रान्तमा वर्षा र बाढीका कारण बेपत्ता भएकामध्ये अधिकांशलाई नदीले बगाएको मन्त्रालयले जनाएको छ । *रासस/एएफपी*

## थाइ प्रधानमन्त्रीका प्रत्यासी पिताको घोषणा

# सरकार गठनको दोस्रो प्रयास विफल भए उम्मेदवारी फिर्ता




**बैंकक–** थाइल्याण्डको नयाँ प्रधानमन्त्रीका लागि उदारवादी उम्मेदवार पिता लिम्जारोएनरतले आगामी हप्ता संसद्ले आफूलाई प्रधानमन्त्रीका रूपमा अनुमोदन नगरे आफ्नो प्रधानमन्त्रीको उम्मेदवारी फिर्ता लिने बताएका छन् ।

पिताको मुभ फरवार्ड पार्टी (एमएफपी)ले मे महिनामा भएको निर्वाचनमा सबैभन्दा बढी सिट जितेको थियो । राज्यमा नौ वर्षको सेना समर्थित शासनपछि प्रगतिशील सुधारका लागि थाई युवाहरू आतुर र उत्साहित भएका थिए ।

तर, हार्वर्ड विश्वविद्यालयमा पढेका पिताले नयाँ सरकारको नेतृत्व गर्ने अभियानलाई बिहीबार संसद्मा भएको मतदानमा सिनेटरहरू असफल बनाइदिएका थिए । उनले मानहानीसम्बन्धी व्यवस्था भएको कडा थाई कानुनमा सुधार गर्ने आफ्नो प्रतिज्ञालाई कार्यान्वयनमा लाने बताएका थिए ।

नयाँ प्रधानमन्त्रीका लागि व्यवस्थापिकामा बुधबार दोस्रो मतदान हुँदै छ र पिताले गठबन्धनका साझेदार फेउ थाईका उम्मेदवारलाई आवश्यक मत प्राप्त गर्न असफल भएमा आफूले समर्थन गर्ने बताएका छन् । 'हामी सफल हुन सकेनौं । यसका लागि म माफी माग्न चाहन्छु,' उनले सामाजिक सञ्जालमा पोस्ट गरेको भिडियो सम्बोधनमा भनिएको छ, 'म थाइल्याण्डलाई मौका दिन तयार छु र दोस्रो मत प्राप्त गर्ने पार्टीलाई मौका दिन तयार छु । गठबन्धन बनाउन एक हुनुहोस् ।'

पहिलो मतदानमा आफ्नो उम्मेदवारीलाई समर्थन गर्न आवश्यक पर्ने ३७५ सांसदमध्ये पितालाई ५१ मत पुगेको थिएन । केवल १३ सिनेटरहरूले उनको पक्षमा मतदान गरेका थिए । धेरैले राज्यको शाही मानहानीसम्बन्धी कानुनलाई नरम पार्ने एमएफपीको प्रतिज्ञाको विरोध गरेका थिए । पहिलो मतदानपछि, पार्टीले कानुनमा प्रस्तावित संशोधनहरूमा सम्झौता गर्न अस्वीकार गरेको छ । प्रस्तावित संशोधनले हाल राजतन्त्रका दोषी आलोचकहरूलाई १५ वर्षसम्म जेल सजाय दिन अनुमति दिन्छ । राजनीतिक विश्लेषक थितिनान पोंगसुधिराकका अनुसार सबै २५० सिनेटर सैनिक निकटस्थ जुन्ता प्रशासनद्वारा ड्राफ्ट गरिएको संविधानअन्तर्गत नियुक्त गरिएको थियो, यो नै एमएफपीको सुधारवादी अभियानमा एउटा जटिल बाधा भएको बताए ।

उनले एएफपीसँगको कुराकानीमा भने, 'यो प्राधिकरण र शासनका लागि लामो समयसम्म सत्तामा रहिरहने र उनीहरूविरुद्ध उभिनसक्ने लोकतन्त्र समर्थक सरकारलाई रोक्ने एउटा तरिका हो ।'

पिताले शनिबार आफ्ना समर्थकलाई 'सिर्जनशील' हुन आग्रह गर्दै सिनेटरहरूलाई अर्को चरणमा आफ्नो पहिलो चरणको मतदानको समयको अडानमा परिवर्तन गर्न आग्रह गरेका थिए । 'म एक्लैले सिनेटरहरूको मन परिवर्तन गर्न सक्दिनँ । त्यसैले म सबैलाई यो मिसनमा सहयोग गर्न आग्रह गर्दछु,' उनले भने, 'तपाईं सोच्न सक्ने सबै तरिकाले सोचेर सिनेटरहरूलाई हर सम्भव तरिकाले सन्देश पठाउनुहोस् । यसले पक्कै उनीहरूको पहिलेको निर्णयमा परिवर्तन आउनेछ ।'

एमएफपीको सबैभन्दा ठूलो गठबन्धन साझेदार फेउ थाई पार्टी, जसका सदस्यहरूमा २००६ र २०१४ मा सैन्य विद्रोहबाट विस्थापित भएका दुई पूर्वप्रधानमन्त्रीहरू समावेश छन्, लाई सिनावात्रा परिवारको राजनीतिको लागि एक वाहनको रूपमा हेरिएको छ ।

पिताको दोस्रो अभियान असफल भएमा ६० वर्षीया धनाड्य नेता श्रेता थाभिसिनलाई फेउ थाईको प्रधानमन्त्रीको उम्मेदवार बनाउने चर्चा पनि छ । थाइल्याण्डका प्रभावशाली अभिजात वर्गबीच व्यापारिक नेताहरूले मन पराएका उनलाई सम्भावित सम्झौतापरस्त उम्मेदवारको रूपमा हेरिएको छ । *रासस/एएफपी*

# विवाद समाधानका लागि सहमतिमा आउन भारतलाई चीनको आग्रह

**बेइजिङ–** चीनका एक जना वरिष्ठ कूटनीतिज्ञले भारतलाई सीमा विवाद समाधानका निम्ति सहमतिमा आउन आह्वान गरेका छन् ।

दक्षिणपूर्वी एसियाली मुलुकहरूको संगठन (आसियान) का विदेशमन्त्रीहरूको बैठकको सिलसिलामा जकार्तामा रहेका चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको विदेश मामिला आयोगको कार्यालयका निर्देशक वाङ यीले भारतका विदेशमन्त्री सुब्रमण्यम जयशंकरसँग शुक्रबार भएको भेटमा साझा हितमा ध्यान केन्द्रित गर्न आह्वान गरेका हुन् ।

एसियाको सबैभन्दा धेरै जनसंख्या भएका छिमेकीबीचको सीमा तनावलाई कम गर्न वरिष्ठ कूटनीतिज्ञ वाङले सहमतिमा आउन भारतलाई आग्रह गरेका चिनियाँ विदेश मन्त्रालयले जनाएको छ ।

वरीयतामा चिनियाँ विदेशमन्त्रीभन्दा माथि रहेका चीनका उच्च कूटनीतिज्ञ वाङले दुई पक्षले एकअर्कालाई शंका गर्नुको सट्टा एक अर्कालाई समर्थन गर्नुपर्नेमा जोड दिएका थिए। चीन र भारतको साझा हित आपसी मतभिन्नताभन्दा अधिक रहेकाले सहमतिमा आउन भारतलाई नेता वाङले आग्रह गरेका चिनियाँ विदेश मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ ।

भारत र चीनबीचको सम्बन्ध हालैका महिनामा सीमानालाई लिएर बिग्रिएको छ । भिसा विवादमा दुई पक्षले एकअर्काका लगभग सबै पत्रकारहरूलाई निष्कासन गरेका छन् । भारत र उसको उत्तरी भाग लद्दाख क्षेत्रको सीमांकन स्पष्ट नहुँदा सैन्य झडप र अवरोध हुँदै आएको छ । दुवै देश 'सकेसम्म चाँडो' सीमा विवाद सैन्य कमाण्डर तहको अर्को चरणको वार्ता गर्न सहमत भएका मन्त्रालयको विज्ञप्तिमा भनिएको छ ।

बेइजिङले भारतको अरुणाचल प्रदेशलाई पनि तिब्बतको भूभाग भएको दाबी गर्दै आएको छ भने कश्मीरलाई विवादित क्षेत्र मानेको छ । दुवै मुलुकबीचको चिसो सम्बन्धका बाबजुद चीन भारतको दोस्रो ठूलो व्यापार साझेदार हो । *रासस/एएफपी*

# भ्रष्टाचार अभियोगमा सिंगापुरका यातायातमन्त्री पक्राउ

**सिंगापुर–** सिंगापुरका यातायातमन्त्री भ्रष्टाचार अभियोगमा पक्राउ परेका छन्। उनीसँगै होटल व्यवसायी एक जना अर्बपतिलाई पनि भ्रष्टाचार अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको छ।

यातायातमन्त्री एस ईश्वरनलाई गत मंगलबार पक्राउ गरेपछि धरौटीमा रिहा गरिएको अख्तियार दुरूपयोग अनुसन्धान ब्युरोले शुक्रबार राति जारी गरेको वक्तव्यमा जनाइएको छ।

सिंगापुरका सबैभन्दा धनी व्यक्तिमध्येका एक ओङ बेङ सेङलाई पनि गत मंगलबार नै पक्राउ गरिएको थियो। निजलाई पनि अनुसन्धानपछि धरौटीमा छाडिएको छ। ब्युरोले अनुसन्धानको विवरण भने खुलाएको छैन।

ओङ छानबिनमा परेको खुलासा भएपछि अख्तियार दुरूपयोग अनुसन्धान ब्युरोले यातायातमन्त्रीमाथिको अनुसन्धानको दायरा फराकिलो बनाएको छ।

विश्वको सबैभन्दा कम भ्रष्ट देशमध्येको एक सिंगापुर विश्वव्यापी वित्तीय केन्द्र हो। यो देशमा भ्रष्टाचार नियन्त्रणका लागि 'क्याबिनेट' मन्त्रीहरूलाई निजी क्षेत्रका ठूला आम्दानी गर्ने व्यक्तिको तुलनामा तलब दिइन्छ। *रासस/एएफपी*

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०३/३१ गते)

हर्क बहादुर खड्गीको नातिनी, अष्ट लाल खड्गी/आश माया खड्गीको छोरी, लाल काजी खड्गीको पत्नी, काभ्रे जिल्ला, धुलिखेल न.पा., वडा नं. ०४ स्थायी ठेगाना भई हाल ऐ.ऐ. वडा न. ०६ बस्ने (ना.प्र.नं. १३५१/१५६, जारी मिति २०४५/११/०२, जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक) चाक्ला खड्गीको मिति २०७७/०३/२६ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बनेपा शाखामा रहेको बचत खाता नं.१०३०२४३६८८२००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा राजु खड्गीले यस बैंक बनेपा शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय बनेपामा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सूचना मार्फत जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय बनेपा फोन नं. ०११-६६१२९८/३०९

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सुचना प्रकाशित मिति :२०८०/०३/३१**

यस गणेशपुर शिसनिया सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/०८० मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको खयर जातको गोलिया थान १५७ को ५८१.९४ घ.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ,दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ ।

**श्री गणेशपुर शिसनिया सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका–१ पत्थरबोझी बर्दिया**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११२५०० | प्रति तोला – १११९५० | प्रति तोला – १४८० |



**कफी हेर्न जापानदेखि** | काभ्रेपलाञ्चोकको बनेपामा हिमालयन लक्जरी विन्सले सञ्चालन गरेको कफी उद्योगमा कफी केलाएको अवलोकन गर्दै जापानको कलरवाथ नामक संस्थाका प्रतिनिधिहरू । *तस्बिर: पेमा लामा/रासस*

# ‘आर्थिक समृद्धिको कार्यभार पूरा गर्न ध्यान केन्द्रित’

■ प्रभाव संवाददाता

**चितवन–** उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकारको सम्पूर्ण ध्यान आर्थिक समृद्धिको कार्यभार पूरा गर्न केन्द्रित रहेको बताएका छन् । नेपालमा उत्पादित पशुआहार (हाइलेज) पहिलो पटक चीन निर्यात गर्नका लागि आयोजित कार्यक्रममा उनले कृषि उत्पादन बढाएर निर्यात गर्दा व्यापार घाटा कम गर्न सकिने बताए ।

उपप्रधानमन्त्री श्रेष्ठले सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायलाई आफ्नो मूल सत्रका रूपमा लिएर यसको आधारमा कामलाई अघि बढाएको बताए । उनले भने, ‘समृद्धिको कार्यभार पूरा गर्नका निम्ति हामीले हाम्रो देशको व्यापार घाटालाई कम गर्ने र त्यसका निम्ति आयात प्रतिस्थापन गरेर निर्याततर्फ काम गर्नुपर्छ ।’

पशु आहार चीन पठाउने कामको आरम्भ भएको भन्दै उपप्रधानमन्त्री श्रेष्ठले नयाँ सम्भावनको खोजी गर्नुपर्नेमा जोड दिए । उनले भने, ‘हामीले यथास्थितिमा बसिरहेर हुँदैन । विकासको काम गर्दै व्यापार घाटा कम गर्न भाषण गरेर समस्याको समाधान हुँदैन ।’ भ्रष्टाचारको प्रभावकारी नियन्त्रणसँगै सुशासन कायम गर्नुपर्नेमा उनको जोड थियो । व्यापार घाटा कम गर्ने र सफल रूपमा देशलाई विकास र समृद्धिको दिशामा फड्को मार्ने तिर लान जरुरी रहेको उपप्रधानमन्त्री श्रेष्ठको भनाइ छ ।



उनले भने, ‘यसमा अगाडि बढ्ने क्रममा पशुआहार निर्यातको प्रक्रिया सुरु गरेका छौं । यो एउटा राम्रो अवसर हो ।’ सरकारका तर्फबाट गर्नुपर्ने अन्य सहयोगका लागि सधैं तयार रहेको उनको भनाइ थियो । कृषि तथा पशुपन्छी विकासमन्त्री डा वेदुराम भुसालले कृषि उत्पादनलाई बढाएर निर्यात गर्न सकेमा देशको अर्थतन्त्र बलियो बन्ने बताए । उनले भने, ‘कृषि उत्पादन बढाउन सकेमा देशको अर्थतन्त्र बलियो हुन्छ ।’ नेपालमा घाँस उत्पादन गरेर चीन निर्यात गर्न सफल भएको भन्दै उनले बाँझो जमिनमा घाँस उत्पादन गर्न सकिने बताए ।

नेपाली कृषिजन्य उत्पादन बढाएर निर्यातका लागि विभिन्न अवसरको खोजी गर्नुपर्ने उनको भनाइ थियो । सन् २००१ मै नेपाल र चीनबीच कृषिमा सहयोग आदानप्रदान गर्ने विषयमा सम्झौता भएको स्मरण गर्दै उनले त्यसयताका दिनमा सहयोग आदानप्रदान हुँदै आएको बताए । यहाँ उत्पादित पशुआहारलाई चीन पठाउने विषयमा सन् २०२२ मै सम्झौता भएको उनले स्मरण गराए । चीन र नेपालबीचको सम्बन्ध निकै पुरानो रहेको भन्दै मन्त्री भुसालले आगामी दिनमा अझ सुमधुर हुँदै जाने विश्वास व्यक्त गरे ।

कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत छन सङले नेपाल र चीनबीचको सम्बन्ध निकै पुरानो भएको भन्दै चीन नेपालबाट पशु आहार जान सुरु गरेकामा खुसी प्रकट गरे । गुणस्तरीय उत्पादनमा जोड दिँदै उनले चिनियाँ बजार ठूलो भएकाले उत्पादन बढाउन सुझाव दिए । दुई देशबीचको व्यापारिक सम्बन्ध पनि निकै राम्रो भएको उनको भनाइ छ ।

सो अवसरमा उद्योग सचिव मधु मरासिनीले नेपालमा ६२ प्रतिशत कृषिमा निर्भर रहेको उल्लेख गर्दै नयाँ प्रविधि भित्र्याएर उत्पादन बढाई निर्यातमा लाग्नुपर्नेमा जोड दिए । उनले यो पेसालाई व्यावसायिक बनाएर अघि बढाउनुपर्ने बताए ।

कार्यक्रममा चीनको सिगात्से सहरका उपप्रमुख लिउ हउ झोङले भरतपुर महानगरसँग यसअघि नै भगिनी सम्बन्ध कायम भएको जिकिर गर्दै यहाँबाट पशुआहार लैजान सुरु गरिएकामा खुसी व्यक्त गरे । भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले यहाँ उत्पादित पशुआहार चीनको सिगात्से पठाउन पाएकामा महानगरले गर्व गरेको बताए । आउँदा दिनमा गुणस्तरीय र ठूलो परिणाममा पशु आहार पठाउन सकिने उनको विश्वास थियो ।

# ‘स्वदेशी लगानीका उद्योगलाई प्रवर्द्धन गर्नुपर्छ’

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** स्वदेशी लगानीमा सञ्चालित उद्योगहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा विशेष जोड दिइएको छ । बाराको जितपुरमा आयोजित एक कार्यक्रमका वक्ताहरूले स्वदेशी उद्योगका प्रवर्द्धनमा सबै पक्षको सहयोग आवश्यक रहेको बताएका हुन् ।

बारा-पर्सा औद्योगिक करिडोरमा नेपाल सेरामिक इन्डष्ट्रिज प्रालिद्वारा सञ्चालित नेपोभिट टाइल्स कम्पनीले आयोजना गरेको अन्तर्क्रियाका वक्ताले स्वदेशी लगानीमा सञ्चालित उद्योगको संरक्षण र प्रवर्द्धन हुन सकेमात्र मुलुकको अर्थतन्त्रमा सुधार आउने र रोजगारीको वातावरण सिर्जना हुने भएकाले यसमा सबै पक्ष गम्भीर हुनुपर्ने बताएका हुन् । कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले स्वदेशी लगानीमा सञ्चालित उद्योग तथा स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । उनले नेपोभिट टाइल्सलगायतका स्वदेशी लगानीका उद्योगको संरक्षण र प्रवर्द्धन गर्न सकिए स्वदेशमै रोजगारीको वातावारण सिर्जना हुने बताए ।

स्थानीय कच्चा पदार्थको प्रयोग गरी स्थानीय कामदारबाट सञ्चालित नेपोभिट टाइल्स कम्पनीलगायतका स्वदेशी लगानीका उद्योगलाई नेपालमै सहजरूपमा माटो नपाउने, भन्सार दर्ता नहुनुलगायतका समस्यालाई तीनै तहको सरकारले गम्भीरतापूर्वक लिएर समाधान गर्नुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले राजस्व बुझाउने र स्वदेशमै रोजगारीको सिर्जना गर्ने उद्योगको संक्षण गर्न र प्रवर्द्धन गर्न तयार रहेको बताए । उनले उद्योगलाई निर्धक्कपूर्वक उद्योग सञ्चालनको वातावरण बनाउन र केही समस्या भए सहजीकरण गर्न आफू प्रतिबद्ध रहेको स्पष्ट पारे ।

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य डा सुवोध गुप्ताले स्वदेशमा कच्चा पदार्थ र दक्ष जनशक्तिको आभावमा स्वदेशी उत्पादनका उद्योग धरासायी भइरहेको बताए । अन्तरार्ष्ट्रिय लगानीका उद्योगहरूका कारण स्वदेशी लगानीका उद्योग धरासायी भइरहेको उनको भनाइ छ । उनले टाइल्स उद्योग, सिमेन्ट उद्योग, छड उद्योगजस्ता कम लगानीमा सञ्चालन हुने उद्योगमा पनि अन्तर्राष्ट्रिय लगानी हुनु स्थानीय उद्योगका लागि दुःखद् रहेको बताए ।

नेपाल सेरामिक इन्डष्ट्रिज प्रालिका अध्यक्ष शम्भुनाथ झाले नेपालमा नै टाइल्स उत्पादन गर्न प्रचुर मात्रामा उपलब्ध भएको कच्चा पदार्थको पहिचान गरी स्वदेशमै उचित मूल्यमा विश्वसनीय टाइल्स उपलब्ध गराउने उद्देश्यका साथ टाइल्स उद्योग सञ्चालनमा ल्याइएको बताए ।

गत २०७९ सालदेखि बाराको जितपुर उपमहानगरपालिकामा सञ्चालित सो उद्योगमा आफूहरूले देशभरि करिब पाँच सय जनालाई रोजगारी दिएको दाबी गर्दै उनले विगत एक वर्षमा टाइल्स आपूर्तिमा खर्च हुने लाखौं डलर स्वदेशमै राख्न सफल भएको बताए ।

करिब रु २०० करोडको लागनीमा सञ्चालित उक्त उद्योगमा कार्यरत तीन सय कामदारमध्ये दुई सय ५० कामदार नेपाली रहेको उनको भनाइ छ । करिब साढे पाँच बिघा क्षेत्रफलमा स्थापना गरिएको सो उद्योगबाट उत्पादित टाइल्स अहिले स्वदेशमै बिक्री वितरण गर्दै आएको र केही समयपछि युरोप मुलुकमा पठाउने तयारी भइरहेको अध्यक्ष झाले जानकारी दिए । नेपाल सेरामिक इन्टष्ट्रिज प्रालिका निर्देशक बिभा झाले आफ्नो उद्योगले स्थानीय कच्चा पदार्थबाट गुणस्तरीय सामान उत्पादन गरी नेपाली बजारमा पठाइरहेको बताए ।

# स्थानीय उत्पादनलाई लक्षित गर्दै हाट बजार सञ्चालन

**सुर्खेत (प्रस)–** सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न ‘हाट बजार’ सञ्चालनमा ल्याएको छ । कृषकले उत्पादन गरेको कृषि उपज बिक्री वितरण गर्न सहज होस् भन्ने उद्देश्यले नगरपालिकाले वडा नं १० मा हाट बजार सञ्चालनमा ल्याएको हो ।

दश लाख रूपैयाँ लगानी गरेर सञ्चालनमा ल्याइएको उक्त हाट बजारको शुक्रबार नगर प्रमुख मोहनमायाँ ढकालले औपचारिक रूपमा उद्घाटन गरेकी हुन् । कार्यक्रममा उनले लामो प्रयासपछि हाटबजार सञ्चालनमा ल्याउन सकेको उल्लेख गर्दै यसले बजार व्यवस्थापनसँगै कृषकलाई सम्मान हुने विश्वास व्यक्त गरिन् । उनले कृषि उत्पादनमा जोडिएर आत्मनिर्भर हुनका लागि हाट बजार प्रभावकारी माध्यम बन्ने बताइन् ।

प्रमुख ढकालले भनिन्, ‘यो हाटबजारले कृषकलाई आफ्ना उत्पादन आफैं बेच्न सहज भएको छ, हामी उत्पादनका साथै सहज बजारीकरणमा जोड दिनुपर्छ अनि मात्रै आत्मनिर्भर हुन सक्छौं ।’ उनले वडा नं १ र २ लाई समेटेर कृषि हाटबजार सञ्चालनमा ल्याउने योजना रहेको जानकारी दिइन् ।

कार्यक्रममा नगरपालिकाका उपप्रमुख नीलकण्ठ खनालले अहिले मानिस उत्पादन गर्ने भन्दा किनेर खाने बढी भएकाले पनि कृषि पेसामा लाग्ने किसानलाई आत्मनिर्भर बनाउनु आवश्यक रहेको बताए । उनले कम्तीमा आफूलाई पुग्नेगरी कौसीमा भए पनि खेती गर्नेतर्फ अग्रसर हुन स्थानीयलाई सुझाव दिए ।

# प्रभु र महालक्ष्मी लाइफ इन्स्योरेन्सको एकीकृत कारोबार सुरु




**काठमाडौं (प्रस)–** प्रभु र महालक्ष्मी लाइफ इन्स्योरेन्स एक आपसमा मर्जर भएर शुक्रबारबाट एकीकृत कारोबार सुरु भएको छ । दुई कम्पनी एक भएपछि प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सको नामबाट एकीकृत कारोबार सुरु भएको छ । यी कम्पनीलाई एकीकृत कारोबार गर्न नेपाल धितोपत्र बोर्डले असार २६ गते र बिमा प्राधिकरणले जेठ २९ गते अन्तिम स्वीकृति दिइसकेका छन् ।

यस्तै, कम्पनी कम्पनी रजिष्ट्रार कार्यालयले असार १८ गते मर्जरको लागि अन्तिम स्वीकृति प्रदान गरेको थियो । प्रभु लाइफको बोनस सेयर जारी पछि मर्जर पश्चात बन्ने कम्पनीको चुक्ता पुँजी ४ अर्ब २९ करोड रूपैयाँ पुग्नेछ । बिमा प्राधिकरणले तोकेको ५ अर्ब रूपैयाँ चुक्ता पुँजीको लागि एकीकृत कारोबार पछि यसले ९० करोड रूपैयाँ बराबरको प्रिमियम मूल्यमा एफपीओ जारी गर्ने जनाएको छ ।

# कुमारी बैंकले ल्यायो आकर्षक घर कर्जा




**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले आफ्नो स्थापनाकालदेखिनै ग्राहकहरूको मागलाई ध्यानमा राख्दै नविन र ग्राहकमैत्री योजनाहरू ल्याउदै आएको छ । सोही मागलाई मध्यनजर गर्दै, कुमारी बैंक लिमिटेडले यसपाली निश्चित ब्याजदरमा आकर्षक घर कर्जा ल्याएको छ । यस योजना अनुसार सेवाग्राहिहरूले ११. ७९ प्रतिशत निश्चित ब्याजदरमा घर कर्जाको सुविधा उपयोग गर्न सक्नेछन् । यस घर कर्जा योजनामा पहिलो ७ वर्ष सम्म ब्याजदर निश्चित रहने छ । ऋण प्राप्त गरे पश्चात, ग्राहकहरूले सो ऋणको रकमलाई नयाँ घर/अपार्टमेन्ट खरिद गर्न ,घर निर्माण तथा अन्य थप निर्माण कार्य गर्न पनि प्रयोग गर्न सक्छन् ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा, ४९ एक्सटेन्सन काउन्टर, ३०८ ए.टि.एम. तथा ६३ शाखा रहित बैंकिङ्ग ईकाई सहितका सञ्जालहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

## अत्यन्त जरूरी सूचना

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएको सम्पूर्ण विज्ञापनदाता, म्यानपावर संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरे बापतको बाँकी वक्यौता रकम यहि २०८० साल असार मसान्तभित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
काठमाडौं–७, सिफल, नेपाल
फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ